वर्ष : १२ | अंक : ६

२०७९ पुस | 2022 Dec.-Jan. 2023

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

राष्ट्रिय मासिक



संगीतमा राम्रो भविष्य छ : सहयात्री

कतार विश्वकप

# नेपालीले पाएको अवसर




■ छोटो अवधिमा परिणाममूखि काम गऱ्यौं : श्रम मन्त्री ■ नवनिर्वाचित सांसदसँग एनआरएनएको यस्तो अपेक्षा


सुरक्षित र भरपर्दो
वैदेशिक रोजगारीका
लागि हामीलाई सम्झनुहोस् ।
इन्टरनेशनल
मेनपावर रिक्रुटमेन्ट प्रा.लि.
ग्वार्को, ललितपुर, फोन नं. ०१-५२०४३४६/४७/४८
E-mail: info@imrsolution.com,
admin@imrsolution.com


Your way of Travel wherever in the world.
JAPAN
AUSTRALIA
MALAYSIA
USA
Cheapest Air Fare...
Special Fare for Students
HARVEST MOON
HARVEST MOON
TRAVELS & TOURS PVT. LTD.
GPO Box: 8975, EPC 938
Gairidhara-02, Kathmandu, Nepal.
Te: + 977-01-4415575, 4415442, 415517, 4415526, 415420
Fax: +977-01-4441951
Email: harvestmon@mos.com.np
Website: www.harvestmoongroup.com




रकम पठाउन तथा पाउनका
लगि भरपर्दो माध्यम

Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np

PRABHU®
Money Transfer
प्रभुको इच्छा


चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ ।
सम्सारा रेमिट जस्तै ।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com

# यसभित्र




कतार विश्वकप ८

आवरण

## नेपालीले **पाएको अवसर**

कतारमा भर्खरै सम्पन्न विश्वकप फुटबल मेला नेपालीका लागि धेरै अर्थले फलदायी रह्यो । विश्वकप आयोजनाको अनुमति पाए लगत्तै त्यसको संरचना र पूर्वाधार निर्माणमा धेरै नेपालीले रोजगारीको अवसर पाए । यति मात्र होइन कर्मभूमिमै रहेका र नेपालबाट जानेहरूलाई विश्वकप हेर्ने सपनासमेत पुरा गरिदिएको कतारले यदि इच्छाशक्ति र दृढता भए जस्तोसुकै काम गर्न सकिन्छ भन्ने उदाहरण विश्वलाई सिकाएको छ । यसै विषयमा तयार पारिएको स्थलगत आवरण रिपोर्ट :






१६ विदेशमा रहेका नेपाली सामाजिक सुरक्षा योजनामा आवद्ध हुन बाटो खुल्यो





३२ चौतारी

थोरै **कमाई**

युवराज नयाँघरे





३४ अनुभूति

फेरि **भेटिइनन् दिदी**

शम्भु सुस्केरा





२१ 'छोटो अवधिमा परिणाममूखी काम गर्न सफल भयौं'






२८ कुमारी र एनसीसी बैंकको एकीकृत कारोबार सुरू





११ अन्तर्वार्ता

## कतारको राजालाई नेपाल भिजिट गराउँछु

**डा. नरेशबिक्रम ढकाल**
कतारका लागि नेपाली राजदूत

## सम्पादकीय

# 'नो रेमिट्यान्स' अभियान नचलोस्

वैदेशिक रोजगारबाट भित्रिएको रेमिट्यान्समा रमाएको सरकार उनै रेमिट्यान्स पठाउने नेपालीहरूप्रति कठोर बन्दैछ। देशको अर्थतन्त्र चलायमान बनाउने वैदेशिक रोजगारमा रहेका नेपालीको अधिकारप्रति सरकार भने निरस देखिएको छ। पछिल्लो समय विदेशबाट एकभन्दा बढि मोबाइल ल्याउन नपाउने, ल्याएमा भन्सार तिर्नु पर्ने नियम राखेर वैदेशिक रोजगारमा रहेका नेपालीहरूको मनमा सरकारले भिर रोपेको छ।

नेपाल दुरसंचार प्राधिकरणले पुस १५ गतेदेखि 'मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम' (एमडीएमएस) लागु गर्ने भएकाले विमानस्थलको भन्सार जाँचपासमा कडाइ हुन थालेको छ। मोबाइलको आयातलाई व्यवस्थित र नियन्त्रण गर्ने एमडीएमएस प्रणालीले औपचारिक रूपमा दर्ता भएका र नभएका मोबाइललाई छुट्याउन सघाउँछ। विमानस्थल भन्सार कार्यालयहरूले अहिलेसम्म विदेशबाट फर्किनेले प्रयोग गरिरहेको बाहेक अतिरिक्त एउटा मोबाइल सजिलै ल्याउन दिइरहेको अवस्थामा अवदेखि विदेशबाट फर्किने यात्रुले विमानस्थलको भन्सार बिन्दुमा प्रयोग गरिरहेको मोबाइल 'आफ्नो प्रयोगका लागि हो' भन्ने घोषणा गर्नुपर्ने हुन्छ। भन्सारले विदेशबाट भिटिगुन्टा सुविधामा आएको मोबाइल हो' भन्ने प्रमाणित गरेर कुनै शुल्क नलिई प्रज्ञापनपत्र दिने छ। अनि प्रज्ञापनपत्रका आधारमा नेपाल दूरसञ्चार प्राधिकरणले एमडीएमएसमा दर्ता गरेर मात्रै सो मोबाइल चलाउन पाइन्छ।

एकभन्दा बढि मोबाइल छ भने किनेको बिल देखाएर तोकिएको दरमा भन्सार राजस्व बुझाउनु पर्नेछ। भन्सार राजस्व तिरेपछि मात्रै सो मोबाइलको प्रज्ञापनपत्र लिन पाइनेछ। सो प्रज्ञापनपत्र नलिएमा उक्त मोबाइल नेपालमा चल्ने गरी दर्ता गर्न नै पाइने छैन। तेस्रोसहित अन्य मोबाइलको हकमा भने सिधै जफत हुने प्रावधान छ। यसले विदेशबाट उपहारस्वरुप मोबाइल ल्याएमा भन्सार तिर्नैपर्ने अवस्था बन्ने भएको छ।

अवैध बाटोबाट मोबाइल भित्र्याउने कार्यलाई रोक्न सरकारले एमडीएमएसलाई प्रभावकारी बनाइरहदा विदेशमा काम गरि फर्किएकाहरूले आफ्नो परिवारका लागि एक-एक थान मोवाइल पनि ल्याउन पाउने छैनन्। यो व्यवस्थापछि विदेशबाट उपहारस्वरुप आउने फोनको लाभ उठाइरहेका र उठाउने सबै समस्यामा पर्नेछन्।

सरकारको उक्त व्यवस्थाको विरोध गर्दै विदेशमा बस्ने नेपालीहरूले 'नो रेमिट्यान्स' भन्दै अभियान चलाएपछि र चौतर्फी विरोध भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विदेशबाट फर्किने नेपालीले व्यक्तिगत प्रयोगका लागि एक भन्दा बढी मोबाइल ल्याउँदा हैरानी नदिन अर्थ मन्त्रालयलाई दुई पटक निर्देशन त दिए तर उक्त निर्देशन कार्यान्वयन हुन सकेको छैन।

करिब ४० प्रतिशत मोबाइल गैरकानुनी रूपबाट भित्रिएर प्रयोग भइरहेको र त्यसले सरकार, व्यवसायी र उपभोक्ता सबैलाई हानि भइरहेको तर्क सरकारको भएपनि वैदेशिक रोजगारबाट फर्किएर आफ्ना परिवारका लागि उपहार ल्याइदिने धेरैको चाहनामा आँखा लागेको छ।

विदेशमा रोजगारीका लागि गएकाहरूले आफन्तका लागि एउटा फोन उपहार स्वरुप ल्याउँदा पनि भन्सार तिर्नुपर्ने अवस्था पक्कै रेमिट्यान्स पठाएर देशको अर्थतन्त्र थामिरहेकाहरू माथिको अपमान हो। वैदेशिक रोजगारमा काम गरि फर्किएकाहरूलाई उनीहरूको श्रम स्वीकृतिका आधारमा आफ्नो परिवारका लागि केही थान मोवाइल ल्याउन दिनु पर्छ। तर, व्यापारिक प्रयोजनका लागि ल्याइएका मोवाइल भने रोक्नु पर्छ। वैदेशिक रोजगारमा रहेका नेपालीहरूका लागि यस्तो व्यवस्था अन्यायपूर्ण र अव्यवहारिक छ। 'नो रेमिट्यान्स' अभियान विदेशमा बस्ने नेपालीले थाल्ने दिन नआओस्।


रोजगार मिडिया प्रा.लि.

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८
अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHA RA ROJGAR
• वर्ष १२ • अंक ६ • २०७९ पुस

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल

**सम्पादक**
उद्धव भट्टराई

**कार्यकारी सम्पादक**
सुमन गिरी

**सह-सम्पादक**
उत्तम भट्टराई

**प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**संवाददाता**
सरोज श्रेष्ठ
कृष्ण पाण्डे
मोहन सुवेदी

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८४९१४५५३४,९८५१००१३२५
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## पर्यटनबाट फाइदा लिन चुकिरहेका छौं

प्रकृतिको अनुपम बरदान पाएको नेपाल विश्वमै पर्यटकिय गन्तव्यकारुपमा उत्कृष्ट मुलुक हो । तर हामीले यसलाई सही ढंगमा उपयोग गर्न नसक्दा यसबाट लिन सकिने फाइदाबाट चुकिरहेका छौ । विश्वका अधिकांश अग्ला हिमालहरूसँगै पहाडी क्षेत्र, समथर भुभाग, खोला-नाला-झरना, मनमोहक दृश्य, अनगिन्ती ट्रेकिङ रुट लगायत प्राकृतिक सम्पदाले भरिपूर्ण हाम्रो देशलाई विश्वमाझ चिनाउनै सकेका छैनौ । यदी सरकारले पर्यटन क्षेत्रलाई ध्यान दिने हो भने मुलुक समृद्ध बनाउन यही क्षेत्र नै काफि छ ।

*- राजन कोइराला, भरतपुर*

कोरोना कहर यता पर्यटन क्षेत्र ठप्प जस्तै बन्न पुग्दा राज्यले त यसबाट नोक्सानी बेर्होनु पऱ्यो पऱ्यो स-सानादेखि ठुला लगानी गरेका व्यवसायीहरू त मर्नु न बाच्नुको अवस्थामा नै पुगे । अहिले विस्तारै यो क्षेत्र चलायमान हुन थाल्दा व्यवसायीहरूमा उत्साह जागेपनि सरकारले खासै सहायताको प्याकेज दिन तदारुक्ता नदेखाउदा यस क्षेत्रका व्यवसायी माथि उठन अझ लामो समय लाग्ने देखिन्छ ।

*- अनिष तामाङ, पर्यटन व्यवसायी*

## मध्यपूर्व सधैं वेवास्थामा



गैरआवासीय नेपाली संघको आगामी नेतृत्वका लागि मध्यपूर्व क्षेत्रले दावि प्रस्तुत गरेपनि त्यती सहज ढंगले नेतृत्व मध्यपूर्वले पाउला जस्तो लाग्दैन । सबैभन्दा बढी गैरआवासीय नेपालीहरू रहेको यो क्षेत्र विगतदेखि नै केन्द्रिय नेतृत्वमा छायामा पारिदै आएको छ । सबैभन्दा बढी राजनीति हुने यो क्षेत्रका एनआरएन अभियान्ताहरू एकजुट हुन नसक्नुले पनि मध्यपूर्वलाई भोट बैंककोरुपमा मात्र सीमित बनाइने गरेको यर्थाथ जबसम्म सबैले आत्मसाथ गर्दैनन, तबसम्म मध्यपूर्वलाई छायामै पारिने सिलसिला रोकिने छैन ।

*- हरि कटुवाल, कतार*

## धेरै धानुकरामहरूको बिजोग भयो



गत मंसिर ४ गते भएको आम निर्वाचनमा केही गरौं भन्ने अठोट भएकाहरूदेखि लिएर रहरले, स्वार्थले र विभिन्न उद्देश्य बोकेर उम्मेदवारी दिने लर्को नै लाग्यो । पैसा खर्च गरेर जितिन्छ भन्ने कैयौले आफ्नो गोजी रित्ताएपनि परिणाम ल्याउन सकेनन । अर्थ र रोजगार पत्रिकामा युवराज नयाँघरे सरले लेख्नुभएको जस्तो विदेशबाट फर्किएर पैसा खर्च गरेर भोट माग्दै हिडेका धानुकरामजस्ता धेरै धानुकरामहरू पुरानै पेशामा फर्किन बाध्य भएका छन् ।

*- जर्नादन आचार्य, ओमान*

## राजदूतको चेतावनी उचित लाग्यो



कतारका लागि नेपाली राजदूत डा. नरेशबिक्रम ढकालले सामाजिक कार्य गर्ने केहि संघ-संस्थाबाहेक अन्य संघ-संस्था बन्द गराउन दिएको चेतावनी उचित लाग्यो । अहिले विशेषगरी खाडी मुलुक तथा मलेसिया क्षेत्रमा च्याउ उम्रेसरी नेपाली संघ-संस्था स्थापना भएका छन । यहाँसम्मकी सामाजिक संस्थादेखि लिएर राजनैतिक, जातिय, भेगीय सबै खाले संस्था खोल्ने होडबाजी नै छ । सामाजिक कार्य नै गर्ने हो भने सबै मिलेर एउटै वा सीमित संस्थाबाट गर्न सकिदैन र ?

*- उर्वशी खनाल, मलेसिया*

## गजल



राकेश कार्की

गोडि हिंडे त्यैपनि माया बसेछ  
मोडि हिंडे त्यैपनि माया बसेछ ।

एकछिन थाकेर बसेको सिँयाल  
छोडि हिंडे त्यैपनि माया बसेछ ।

प्रेमिल जोडी भइ छाता भिजेर  
ओडि हिंडे त्यैपनि माया बसेछ ।

गाउँ सहरमा बटुलेको मिठास  
तोडि हिंडे त्यैपनि माया बसेछ ।

छैन जरूरत अब सामान भनेर  
फोडि हिंडे त्यैपनि माया बसेछ ।

(लस एन्जेलस)




## कतार विश्वकप

# नेपालीले पाएको अवसर

कतार विश्वकप सफल भएसँगै भिजन २०३० अन्तर्गतको लक्षित योजनामा अगाडि बढिसकेको छ। अबको वर्षमा कतारले पुर्ननिर्माण भन्दा पनि खेलकुदको देश, शिक्षाको देश, मेला तथा सेमिनारको देश, समुन्द्रको बीचमा रहेको शान्त र सुन्दर पर्यटकहरूको प्रमुख गन्तब्यको देशको रुपमा स्थापित गराउने लक्ष्य लिएको छ। यसबाट नेपाली कामदारले थप अवसर पाउने आशा गरिएको छ।

● उद्धव भट्टराई/दोहा, कतार

सन् १९९५ मा कतार छिरेका स्याङजाका गुरुनारायण रानाभाट सन् २०१० मा नै स्वदेश फर्कन चाहन्थे । तर, कतारले सन् २०२२ मा फिफा विश्वकप फुटबल खेलाउने भएपछि आफ्नो कर्मभूमीमा विश्वकप हेरेर नै फर्कने सोच उनमा पलायो । कतारमा २७ बर्षदेखि कार्यरत सबैभन्दा पुरानो नेपालीमध्ये उनी एक हुन् । ‘हिजो भखरै कतार आएजस्तो लाग्छ, कतारमा नै बुढो पो भइयो’ उनी भन्छन् -‘फर्कन्छु भन्दा भन्दै २७ बर्ष बितिसकेछ, अब त विश्वकप फुटबल पनि सकियो, कतार बसाई पनि पुग्यो, अब चै पक्कै फर्कन्छु ।’

रानाभाटले २७ बर्षमा कतारमा चामत्कारिक परिवर्तन देखे । ‘हामी आउँदा गगनचुम्बी भवन नै देखिदैन थिए, स्याल कराउने ठाउँमा अहिले चिन्न नसकिने टावर ठडिएका छन्’ रानाभाट भन्छन् -‘विकास कसरी र कति छिटो हुन्छ भन्ने उदाहरण मेरै आँखा अगाडि कतारले देखाइदियो ।’

खलिफा अन्तर्राष्ट्रिय स्टेडियममा विश्वकप फुटबल हेरेका रानाभाटलाई खेलभन्दा पनि विश्वभरबाट आएका फुटवलप्रेमीहरूको रौनकताले बढि तान्यो । ‘स्टेडियममा छिर्नुभन्दा पहिला र निस्कदाको भीड अनि विभिन्न प्रकारका आकर्षण हेर्न लायक थियो’ रानाभाट भन्छन्- ‘आफ्नै कर्मभूमीमा विश्वकप फुटवल हेर्न पाउँदा म मात्र होइन हजारौ नेपाली खुशी भए ।’

चितवनका प्रताप ढुंगाना कतारमा विश्वकप फुटबल खेलाउने घोषणा हुँदादेखि नै उत्सुक थिए । कतारको प्रख्यात कन्ट्रक्शन कम्पनीमा लेखाको काम गर्ने ढुंगानालाई कतारको विकास नजिकबाट थाहा छ । ‘कतारले १० बर्षभित्रमा नै विकास निमार्णको काम तीब्ररुपमा गरेको हो’ ढुंगाना भन्छन्- ‘नाकाबन्दी/कोरोना को बाबजुत पनि कतारले विश्वलाई चकित बनाउदै विश्वकप खेलाएकोमा सबैभन्दा खुशी हामी नेपाली भएका छौ र धेरै नेपालीले प्रत्यक्ष खेल हेर्ने अवसर पनि पायौ ।’

कतारमा भएको विश्वकप हेर्नका लागि नेपालका खेलप्रेमी मात्र होइनन नेता, कलाकार, पत्रकार, व्यवसायी, डाक्टर, सरकारी निकायका कर्मचारीलगायत सयौको संख्यामा नेपाली कतार पुगेका थिए । भक्तपुर-२ बाट प्रतिनिधिसभा चुनाव हारेका एमाले नेता महेश बस्नेत अर्जेटिनाको खेल हेर्न जर्सी लगाएर स्टेडियम छिरे । उनी सेमीफाइनलको खेल हेरेर कतारमा कार्यरत नेपालीहरू भेटेर स्वदेश फर्किए ।

नेता मात्र होइनन् लोक गायक बद्री पंगेनी विश्वकप फुटवल हेर्न कतार पुगे । नेपालको भण्डा ओोडेर स्टेडिम छिर्दा पंगेनीलाई आफ्नो ठूलो सपना पुरा भए झै लाग्यो । ‘सँधै टेलिभिजनको पर्दामा फुटवल हेरिन्थ्यो, विश्वकपजस्तो खेल प्रत्यक्ष हेर्न पाउँदा म त खुशीले गद्गद् भएँ’ गायक पंगेनीले भने- ‘अन्य देशमा विश्वकप हुँदा नेपालीहरू त्यहाँ पुग्न र हेर्न नै असम्भव हुन्थ्यो, कतारमा नै हुँदा हामीले सजिलै हेर्न पाइयो ।’ दुई खेल प्रत्यक्ष र केही फ्यान जोनमा हेरेर फर्किएका पंगेनी पनि कतारले विश्वकप आयोजना गरेकाले धेरै नेपालीले खेल हेर्न पाएकोमा मख्ख थिए ।

विश्वकपमा कतारमा नै कार्यरत नेपाली मात्र होइन नेपालबाट गएका ३ सयका हाराहारी नेपालीले निःशुल्क स्वयमसेवकको काम गर्ने अवसर पनि पाए । एनआरएनए कतारका महासचिव पदम गिरीले पनि स्वयमसेवकको

जिम्मेवारी पाएका थिए । उनले भने- 'हामी कतिले निःशुल्क स्वयमसेवकको काम गर्यौं भने कतिले सशुल्क पनि यो अवसर पाएका थिए, विश्वकपमा काम गर्न पाउँदा धेरै भाग्यमानी महशुस भयो ।'

विश्वकप कुम्भमेलाले गर्दा कतारमा एक महिनाभरि नै रौनकता थपिएको थियो । कतार बेहुली झैं सिंगारिएको थियो । मेट्रो, बस, सार्वजनिक स्थल, मलहरूको माहोल र बच्चादेखि बुढासम्म सबैलाई विश्वकपले छोएको थियो । विभिन्न पार्क तथा खेलमैदान संगीतमय तथा रमाइलोले भरिएको थियो । कतारस्थित आप्रावासी समुदायहरूले आआफ्नो देशका बिभिन्न किसिमका सांस्कृतिक झांकी तथा नृत्य देखाइ रहेको पाइन्थ्यो । विभिन्न देशका सांस्कृतिक झांकीहरू, अन्तर्राष्ट्रिय स्तरका कलाकारहरूको सँयुक्त प्रस्तुतीले कतार गुन्जयमान भएको थियो । सडकमा हिडेको यात्री होस या पार्कमा घुम्ने वा जहाज तथा बोटमा समुन्द्रमा घुम्नेहरू किन नहुन संगीतको तालमा झुमेका थिए । हरेक साँझ ९ बजेको समयमा कर्निसमा गरिने आतिसबाजीको रौनक झन मनमोहक लाग्थ्यो । कतारी नागरिक हुन या पर्यटक वा आप्रावासी कामदार सबैलाई विश्वकप कुम्भमेलाले मन्त्रमुग्द पाऱ्यो ।

कतारमा स्वतन्त्ररुपले निर्धक्कका साथ चौविसै घण्टा मानिसहरूको चहलपहल देखिन्थ्यो । आफ्नो मनपरेको देशका टिमका टिसर्टदेखि विभिन्न स्टाइलका टोपी लगाएका खेलप्रेमीहरू कतारभरि चहलपहल गरिरहेका थिए । आफ्नो-आफ्नो मनपर्ने खेलाडीहरूको जर्सी लगाउनेहरू खेल मैदानमा होस या फ्यान जोनहरूमा होस हुटिङ गर्दै रमाइरहेका थिए । अझ रेल स्टेशनमा रमाइलो गर्दै हिड्नेको भीडले छुट्टै अनुभूति दिलाउँथ्यो । प्याराफिटबाट दर्शकहरूको इक्साइडमेन्ट, आफ्ना-आफ्ना टिमको समर्थनमा हुटिङ, थरिथरिका आवाज निकाल्ने बिभिन्न डिजाइनका स्टिकर र मालाहरू पहिरिनु एवं सुरक्षाकर्मी तथा स्वयमसेवकले सहजिकरण गरेको दृश्य नजिकवाट नियाल्दा सबैलाई रोमाञ्चित अनुभब भएको थियो ।

कतारले सन् २००६ को एसियन खेलकुद सफलताको साथ सम्पन्न गरेपछि नै निकै उत्साहित हुँदै विश्वकप आयोजनाको लागि पहल गरेको थियो । सन २०१० मा विश्वकप आयोजना गर्ने अधिकार प्राप्त गर्दा कतारसँग एक मात्र खलिफा स्टेडियम थियो । तर इच्छाशक्ति र दृढ आत्मविश्वाससहित तन, मन र धनले लागि परेमा जस्तो सुकै कठिन कार्यलाई पनि सहज बनाउन सकिन्छ भन्ने उदाहरण कतारले प्रस्तुत गर्न सकेको छ । विश्वकप आयोजनाको लागि कतारले १२ बर्षमा ७ वटा नयाँ अत्याधुनिक स्टेडियम मात्रै बनाएन चालकरहित रेल सेवा संचालन, नयाँ अत्याधुनिक हमाद अन्तर्राष्ट्रिय बिमानस्थल तथा कतारका सडकहरूको बिस्तार र बिकास गऱ्यो ।

कतारमा लामो समयदेखि कार्यरत विमल सुवेदी भन्छन् -'कतारले सबैलाई देखाइदियोकी देशको अवस्था परिवर्तन गर्ने इच्छाशक्ति भयो भने समृद्धीको लागि लामो समय पर्खनु पर्दैन । विश्व जगतलाई कतारको वर्तमान प्रगति एक उदाहरण नै हो ।'

यद्दपी सहजरुपमा यो समय कतारले कार्य गर्ने अवसर पाएको भने थिएन । छिमेकी देशबाट कतारले यही समयमा एकै पटक जल, जमिन र आकाशको नाकावन्दी भोगेको थियो । उता यही समय विश्वभरी सन्त्रास फैलाउने कोरोना कहरले सबैलाई कायल बनाएको बेलामा पनि कतारले हिम्मत नहारी आफ्नो लक्षित उद्देश्य हासिल गर्न सफल भएको छ ।

कतारले खेलकुदमार्फत राष्ट्को बिकास निर्माणमा झन्डै तीन दशक लामो श्रम प्रकृयाबाट निकै ठुलो उपलब्धी हाँसिल गरेको छ । यही उपलब्धिको प्रमाण कतार विश्वकप फुटवल एक्लै आयोजना गर्ने पहिलो एसियाली मुलुक बन्यो । विश्वकप फुटबलको २२ औ संस्करण सभ्य र भब्यरुपमा सुसम्पन्न गरेर कतारले विश्वमाझ आफुलाई स्थापित गरेको छ ।

विश्वकप आयोजनाको अधिकार प्राप्तीपछि कतारले धेरै आलोचना पनि खेप्नु पऱ्यो । कतारमा कार्यरत श्रमिकको श्रम शोषण र अधिकार हननको विषयले निकै चर्चा पायो । अझ कतारमा धेरै श्रमिकले ज्यान गुमाएको भन्दै चौतर्फी आलोचना पनि नभएको होइन । कतारमा सन् २०१० यता १६ सय ४१ जना नेपालीले ज्यान गुमाइसकेको वैदेशिक रोजगार वोर्डको तथ्यांकमा उल्लेख छ । यो संख्या भारतपछि दोस्रो ठूलो हो । कतारमा यस अवधिमा २७ सय ११ भारतीय श्रमिकले ज्यान गुमाएका छन् ।

'मृत्यु जहाँ पनि हुन्छ, कतारमा केही नेपालीको मृत्यु भयो भन्नु र यसैलाई मसला बनाउनु उपयुक्त होइन' कतारका लागि नेपाली राजदूत डा. नरेशविक्रम ढकाल भन्छन् -'कसैको पनि अकालमा मृत्यु नहोस् तर कतारमा रहेका श्रमिकको मृत्युको विषयलाई मिडियाबाजी गर्न आवश्यक देखिदैन, कतारले श्रमिकको सुरक्षमा निकै सावधानी अपनाएको छ ।'

विश्वकपमा कतार प्रवेश गर्नका लागि हाया कार्ड अनिवार्य गरिएको थियो । फुटवल हेर्ने टिकट हुनेले हाया कार्ड बनाउन पाउथे । कतार आएका हाया कार्ड भएका पाहुना तथा खेलप्रेमीहरू जुनसुकै स्टेडियममा २० देखि ३० मिनेट भित्र निःशुल्क बस तथा रेलबाट पुग्न सक्ने ब्यबस्था कतार सरकारले गरेको थियो । फेरि कतार सरकारले आफ्नो देशमा बसिरहेका आप्रवासी कामदारको परिवारलाई फुटबल हेर्न सहुलियत दिने उद्देश्यले अपार्टमेन्ट हुने व्यक्तिलाई १० जनासम्म ल्याउन दिने नियम बनाएको थियो ।

विश्वकप कै लागि तयार गरिएका फुटवल र यसमा जडान गरिएका सुचनामूलक चिप्सहरूले भबिष्यमा फुटवल खेललाई अझै ब्यबस्थित र आधुनिक प्रविधीयुक्त बनाउन सकिने सन्देश कतार विश्वकपले दिएको छ । कतार विश्वकप जती प्रविधीयुक्त भएको छ, त्यती नै अन्य विश्वकप भन्दा महँगो विश्वकपको रुपमा पनि चर्चित रहेको छ ।

कतार विश्वकप सफल बनाउन नेपालीको सहभागिता र योगदान रहेको कतार सरकारले नै भन्दै आएको छ । 'नेपाली हाम्रा सहयात्री हुन्, उनीहरू विना विश्वकप सम्भव थिएन' कतारको प्रतिष्ठित मिडिया ग्रुप दार अलशर्कका डेपुटी सिइओ जाबर अल हर्मी बताउँछन् । उनी नेपालीहरूको मेहनेतले नै विश्वकप आयोजना सम्पन्न गर्न सकिएको स्वीकार गर्दछन् । कतारको हरेक काममा ब्ल्युकलर जब होस या ह्वाइट कलर जबमा नेपालीहरू प्रत्यक्ष अप्रत्यक्ष रुपमा जोडिएका छन् ।

## कतारबाट विश्वले धेरै सिक्नेछ

कतार दशकौंदेखि लाखौं नेपालीको कर्मभूमिको रुपमा रहिआएको छ । चार दशक भन्दा लामो कुटनैतिक सम्बन्धको इतिहास बोकेको र सरकारी स्तरमा अत्यन्तै सुमधुर सम्बन्ध रहेको नेपाल र कतारका जनताबीचको सम्बन्ध पनि उत्तिकै उदाहरणीय छ ।

कतारले पृथक ढंगले फिफा विश्वकप कतार २०२२ को आयोजना गर्दै यसलाई सफलतापूर्वक सम्पन्न गरेको छ । जुन उत्साह, खुशी र उल्लासका साथ अरब जगतको कतारी भूमिमा पहिलो पटक फिफा विश्वकप सम्पन्न भयो त्यसले नेपाल र नेपालीका लागि पनि अवसर लिएर आयो । कतारबाट हामी मात्र होइन विश्वले धेरै सिक्नेछ । हामीले कतारलाई धेरै दियौ, अब कतारबाट लिनुपर्छ भन्ने मान्यताले सरकारी पक्ष अगाडि बढ्नु पर्छ ।



**प्रो.रमजान अलि मिया**
नेपाली समाजका प्रतिनिधि तथा संयोजक,
मानव अधिकार आयोग, कतार



कतारस्थित नेपाली कामदार र अन्य आप्रवासी कामदारको सेवा सुविधा, अलपत्र पर्ने र मृत्यु हुने विषयमा कतार सरकार अझै संवदेशनशील हुनुपर्ने र चासो राख्नुपर्ने भन्दै अन्तर्राष्ट्रिय मानव अधिकार आयोग तथा श्रम संगठनहरूले चर्को दबाब दिँदै आएका छन्।

अहिले कतार र नेपालबीचको श्रम सम्झौता परिमार्जन गर्ने समय भएको छ। त्यसका लागि एक वर्षअघि कतारका श्रमसचिवको नेतृत्वमा एक प्रतिनिधिमण्डल नेपाल आएको थियो। नयाँ सम्झौताको मस्यौदा बनाउन नेपाली पक्षलाई आग्रह गरिएपछि नेपालले नयाँ सम्झौताको मस्यौदा बनाएर कतारलाई जानकारी गराइसकेको छ। नयाँ सम्झौतामा कामदारको हकअधिकार र सुविधा बढ्ने अनुमान छ।

रेमिट्यान्सका लागि पनि कतार नेपालको लागि महत्वपूर्ण गन्तव्य देश मानिन्छ। विश्वभरबाट नेपालमा बार्षिक ८७ अर्ब अमेरिकी डलरभन्दा बढी रेमिट्यान्स भित्रिने गरेको छ। यसमा मध्यपूर्वमा साउदी अरबपछि सबैभन्दा बढी पैसा नेपाल भित्रिने नै कतारबाट हो। कोभिड-१९ भन्दा अघि कतारबाट नेपालमा बार्षिक ८७ करोड अमेरिकी डलरको हाराहारीमा पैसा भित्रिने गरेको एक रिपोर्टमा उल्लेख छ।

अहिले कतार विश्वकै सबैभन्दा बढी प्रतिव्यक्ति आम्दानी भएको देशमा दरिएको छ। तेल र ग्यास कतारी अर्थव्यवस्थाको आधार स्तम्भ नै हो। कूल सरकारी राजस्वमा ७० प्रतिशतभन्दा बढी योगदान तेल र ग्यासको छ। ८५ प्रतिशत निर्यात आम्दानी यही क्षेत्रबाट कतारले गर्ने गर्छ। विश्वको तेस्रो ठूलो प्राकृतिक ग्यास भण्डार कतारमै छ। ग्यासको दोस्रो ठूलो निर्यातकर्ता पनि कतार नै हो।

कतारमा कूल बजेटको ५० प्रतिशत हिस्सा पूर्वाधार निर्माणमा खर्च गर्ने गरिन्छ। पर्याप्त बजेट र योजनाले विकासको गतिलाई तीव्रता दिएको छ। विश्वकप फुटबलपछि २०२२ अन्त्यमा कतारको अर्थतन्त्र ४.१ प्रतिशतले बढ्ने प्रक्षेपण अर्थविदहरूले गरिरहेका छन्। विश्वकप आयोजनाले कतारको अर्थतन्त्रमा १७ अर्ब डलर भन्दा बढीको योगदान हुने अनुमान छ।

कतार विश्वकप सफल भएसँगै भिजन २०३० अन्तर्गतको लक्षित योजनामा अगाडि बढिसकेको छ। अबको बर्षमा कतारले पुर्ननिर्माण भन्दा पनि खेलकुदको देश, शिक्षाको देश, मेला तथा सेमिनारको देश, समुन्द्रको बीचमा रहेको शान्त र सुन्दर पर्यटकहरूको प्रमुख गन्तब्यको देशको रुपमा स्थापित गराउने छ।






> अब नेपालबाट हाई स्कील लेबलको वर्कर ल्याउनुपर्छ भनेर मैले सरकारी स्तरमा कुरा राख्दै आएको छु। नेपालीहरु नल्याई कतारमा ठूला प्रोजेक्टहरू सम्भव हुनेवाला छैन।

# कतारको राजालाई **नेपाल भिजिट गराउँछु**

**डा. नरेशबिक्रम ढकाल,** कतारका लागि नेपाली राजदूत

*कतारका लागि नेपाली राजदूत डा.नरेशबिक्रम ढकालले कार्यभार सम्हालेको केही महिनामा नै कतारले विश्वकप फुटबल खेलायो। नेपाली कामदारको इमान्दार छवि, मिहिनेती चरित्र र अथक परिश्रम गर्ने बानीबाट कतार धेरै खुशी रहेको राजदूत ढकालको भनाई छ। कतारले आयोजना गरेको विश्वकप फुटबलका लागि आवश्यक विभिन्न परियोजनामा हजारौं नेपाली कामदारले काम गर्ने अवसर पाएको ढकालले बताउनुभयो। कतारमा विश्वकपका लागि धेरै नेपालीहरूको अवसर आएको भएता पनि नेपालकै ऐनकानूनका कारण त्यो अवसरबाट बञ्चित हुनु परेको ढकालको भनाई छ। विश्वकपपछि पनि कतारमा अझ धेरै अवसर रहेकाले कतारबाट नेपालले धेरै फाइदा लिने उहाँ बताउनुहुन्छ। उहाँ कतारको अमीर (राजा)लाई नेपाल भ्रमण गराउने कसरतमा लाग्नु भएको छ। राजदूत ढकालसँग विश्वकप, नेपाली कामदार र दूतवासको योजनाका बारेमा गरिएको छोटो कुराकानी :*

**• कतारले विश्वकप फुटवल सफलतापूर्वक सम्पन्न गरेको छ, यहाँले यसलाई कसरी लिनु भएको छ ?**

हामीले विश्वकपलाई एउटा राम्रो अवसरका रुपमा लिएका छौ। नेपालीहरूले विश्वकपमा धेरै काम पाउनुभएको छ। त्यतिमात्र होइन धेरै नेपालीहरूले यहाँ कुनै न कुनै माध्यमबाट विश्वकप हेर्ने अवसर पनि पाउनु भयो। कतारमा नै रोजगारी गरिरहेका धेरै नेपालीहरू दर्शकका रुपमा सहभागी हुन पाउनु पनि हाम्रो लागि गौरवको कुरा हो। नेपाली श्रमिकहरू एकदमै खुशी हुनुहुन्छ। हामी सबैभन्दा भाग्यमानी रहेछौ भन्नुहुन्छ। विश्वकपका लागि शुरु भएका निर्माण कार्यदेखि लिएर हाल भइरहेका गतिविधिहरू सबै नजिकबाट नियाल्ने अवसर पाएकोमा यहाँ रहेका नेपालीहरू खुसी छन। अझ २ सय ५० भन्दा बढी नेपालीहरूले यहाँ भोलेन्टियरिङ सर्भिसको पनि मौका पाउनु भएको छ। विश्वकप खेल परिसरमा नेपालीहरूलाई देख्दा गर्वको महशुस हुन्छ।

**• विश्वकपमा कतारमा नै रहेका धेरै नेपालीहरूले अवसर त पाए तर नेपालबाट आउन त पाएनन् नि, यो अवसरबाट बञ्चित हुनुपर्यो नि ?**

हो, एउटै कम्पनीले ३ हजारसम्म नेपाली कामदार माग गरेको थियो। तर हाम्रो आफ्नै प्रोसेसमा समस्या भएका कारण ल्याउन सकेनौ। हामीले सर्टटर्म कामदार ल्याएर फाइदा लिनु पर्थ्यो, हाम्रै कारणले वा नेपाल सरकारको नीतिनियमका कारणले यो अवसर गुमायौं। अव हामीले नीतिगतरुपमा नै यसलाई परिवर्तन गर्नुपर्छ। यस पटकको लागि मात्रै होइन आगामी अवसरहरूमा हाम्रा श्रमिकहरूले रोजगारीको अवसर नगुमाउन् भनेर लाग्नु पर्नेछ।

**• कतारले विश्वकप सम्पन्न गरेपछि नेपालीहरूले पाउँदै आएको रोजगारका अवसर घट्छ भनिन्छ नि ?**

मलाई त्यस्तो लाग्दैन। यहाँ हामीले सरकारी तथा अर्धसरकारी निकायसँग छलफल गर्दा कतार अझै विकासको गतिमा अगाडि बढिरहेको छ। कतारले १५ वटा नयाँ ठूला प्रोजेक्टहरू फेरि लन्च गर्दैछ, विकासको गति 'नेभर इन्डिङ' भन्ने कतारको मान्यता छ। त्यसले गर्दा निर्माणको कामहरू चाँहि निरन्तर चलिरहन्छ। अहिले जुन डिमाण्ड आइरहेको छ, यो घट्दैन भन्ने मलाई लाग्छ। अब नेपालबाट हाइ स्कील लेबलको वर्कर ल्याउनुपर्छ भनेर मैले सरकारी स्तरमा कुरा राख्दै आएको छु। नेपालीहरू नल्याई कतारमा ठूला प्रोजेक्टहरू सम्भव हुनेवाला छैन।

**• तपाई भर्खरै कतार आउनु भएको छ, तपाईले सोचेको र अहिले भोगेको कतारमा के फरक रहेछ त ?**

वास्तवमा नेपालमा बसेर कतारलाई हेर्दा भन्दा यहाँ आएर हेर्दा धेरै फरक पाएँ। पहिला कतार नेपालीका लागि लेबर कन्ट्रि हो भन्ने मात्र लाग्थ्यो, यहाँ असाध्यै दुःख मात्रै होला भन्ने सोचिन्थ्यो, किनभने हामीले यहाँका कथा व्यथा धेरै सुन्ने मौका पाएका थियौ। तर यहाँ आएर हेर्दा त्यो भन्दा धेरै फरक पाए।

यहाँ ४ हजारभन्दा बढी इन्जिनियर हुनुहुन्छ। डाक्टर, प्रोफेसरहरू हुनुहुन्छ। प्राइभेट सेक्टरमा पनि हाई पोजिसनमा रहेर कम्पनी चलाइरहेका नेपाली हुनुहुन्छ। व्यवसायीको संख्या पनि अधिक छ। त्यो हिसाबले हेर्दा यहाँ नेपालीहरू बर्षौवर्ष बसिरहेको र राम्रो कमाइ गरिरहेको देखियो। कहिलेकाही हाम्रो आफ्नै अज्ञानताका कारण लेबरहरूका इष्यूहरू पनि

देखियो । नेपाली नेपालीहरूले एकआपसमा असहयोग गरेका कारण इष्यूहरू उत्पन्न भएको छ । तर यहाँको सरकारको र प्राइभेट सेक्टरको केशहरू कम छन् । यहाँका धेरै कानुन चाँहि लेबर हितकै लागि छन् ।

**• कतारमा कामदारको मृत्युको विषय विश्वभर चर्चामा आइरहन्छ, वास्तवमा श्रमिकहरूको मृत्युको दर अधिक नै हो रहेछ त ?**

यो विषयमा धेरै नबुझी हल्ला फैलाएको पाइयो । गाडी वा बाइक दुर्घटना, बाटो काट्दा हुने दुर्घटना तथा प्राकृतिक कारणबाट मृत्यु विश्वमा नै हुन्छ र यहाँका अधिकांश मृत्यु पनि त्यस्तै भएको विभिन्न तथ्यांकले देखाएका छन् । काममा कामदारकै लापरवाहीले गर्दा पनि विभिन्न घटना घट्ने गर्छ, यो नेपालमा पनि हुने गर्छ । त्यसैले मलाई यहाँ मृत्युदर अस्वभाविक रुपमा बढेजस्तो लाग्दैन । कामका समयमा हुने मृत्युलाई कानुनले नै बिमा अनिवार्य गरेको हुँदा नियमानुसार बिमा भुक्तानी, क्षतिपूर्ति रकम, अनुसन्धान तहकिकात गर्नासाथ मृतकको लाश स्वदेश पठाउने काम सम्बन्धित पक्षबाट नै गरिन्छ ।

**• तपाई कतार आएपछि नेपाल र नेपालीका लागि थप के काम गर्ने योजना बनाउनु भएको छ ?**

नेपाल र कतारबीचको दौत्य सम्बन्ध स्थापना भएको आज ४५ वर्ष पुगिसकेको छ । यद्यपि नेपालीहरू पनि लामो समयदेखि काम गरिरहनु भएको छ । तर नेपाल र कतारबीच सुमधुर सम्बन्ध देखिने कुनै रिजल्ट देख्न सकेका छैनौ । त्यसैले मैले कतारको अमिर (राजा)लाई कसरी नेपालमा भिजिट गराउन सकिन्छ भनेर सोचिरहेको छु । हाम्रो देशको प्रधानमन्त्री, राष्ट्रपतिको पटक-पटक यो देशमा भिजिट भएको छ, तर कतारको हेड अफ द स्टेटको नेपालमा भिजिट भएको छैन । हाम्रो मैत्रीपूर्ण सम्बन्धलाई अझ उचाईमा पुऱ्याउँन सके एकआपसमा सहयोग देखिने कार्यको पनि प्रारम्भ हुन्छ भनेर मैले बुझेको छु । र मैले यहाँको अमिरलाई यसका लागि रिक्वेस्ट गरेको थिए । उहाँले फिफा विश्वकपपछि म नेपाल भिजिट गर्न चाहन्छु भन्ने आश्वासन दिनुभएको छ ।

**• अन्त्यमा, कतारबाट हामीले के सिक्न जरुरी छ जस्तो यहाँलाई लाग्छ ?**

कतारले विश्वकप आयोजना गरेर विश्वलाई धेरै सिकाएको छ । कतारबाट हामीले नीतिगत र दीर्घकालीन योजनाका माध्यमबाट द्रुत विकास गर्न सकिने रहेछ भन्ने बुझ्न सक्छौं । यसका लागि तोकिएको आफ्नो काम तथा जिम्मेवारी पूरा गर्ने प्रतिबद्धतालाई राष्ट्रिय स्वार्थ मानेर काम गर्ने हो भने नेपालजस्तो सम्भावना नै सम्भावना भएको देशलाई विश्वकै अझ सुन्दर र विकसित बनाउन सकिन्छ भन्ने विश्वास कतारबाट पाउन सकिन्छ ।

# विश्वकपमा मेरो कम्पनीले काम गर्ने अवसर पायो



**आर.के. शर्मा,** एनआरएनए उपाध्यक्ष तथा संचालक, पिजन इन्जिनियरिङ कम्पनी, कतार

*कतारमा निमार्ण भएका ८ वटा स्टेडियम बनाउनका लागि प्रत्यक्ष संलग्न भएको पिजन इन्जिनियरिङ कम्पनीका संचालक तथा कतारमा सफल नेपाली व्यवसायीको पहिचान बनाउनुभएका आरके शर्माले कतारले विश्वकप सफलरुपमा सम्पन्न गरेर नयाँ कृतिमान राखेको बताउनुहुन्छ । विश्वकप प्रतियोगिता हुँदा नै शर्माका झण्डै २ हजार कामदारले लजिष्टिक, सुरक्षा गार्ड तथा क्याटरिङमा काम गर्ने अवसर पाए । शर्माको कम्पनी यसरी विश्वकपमा काम गर्ने अवसर पाउने पहिलो नेपालीको कम्पनी हो । शर्माले त्यति मात्र होइन देशविदेशमा रहेका फुटवलप्रेमी साथीभाईलाई कतारमा नै प्रत्यक्ष खेल हेर्नका लागि आवश्यक वातावरणसमेत मिलाइदिनु भयो । नेपाली समुदायका अगुवा तथा एनआरएनए आइसीसीका उपाध्यक्ष शर्मासँग विश्वकप र नेपालीहरूको विषयमा गरिएको छोटो कुराकानी :*

***तपाई लगायत कतारमा रहेका ४ लाख नेपालीहरूका लागि विश्वकप फुटवल कत्तिको अर्थपूर्ण रहृयो ?***

कतार विश्वकप २०२२ कतारले मात्रै नभएर विश्वले नै गौरव गर्ने विषय हो । अझ ४ लाख नेपालीको कर्मभूमी कतार रहेकाले हाम्रा लागि त सबैभन्दा महत्वपूर्ण नै हुने भयो । कतार सरकारले अहोरात्र खटेर विश्वनै चकित बनाएर ग्रान्ड इभेन्ट सफलतापूर्वक सम्पन्न गऱ्यो । यो सँगसँगै म कतारमै व्यवसाय गरिरहेको हुनाले म पनि फिफाको प्रोजेक्टमा ८ वटै स्टेडियम निर्माणको क्रममा आवद्ध हुन पाए । इभेन्टको क्रममा धेरै ठाउँमा मेरो कम्पनीले लोजिष्टिकको सपोर्ट गर्न पाएकोमा आफूलाई गौरवान्वित महशुस गरेको छु । चाहेमा सबै कुरा सम्भव हुन्छ भनेर कतारले विश्वलाई सन्देश दिएको छ । आजसम्म भएका विश्वकपमा कतारले इतिहास रचेको छ ।

**फिफा वर्ल्डकपमा तपाईको कम्पनीको कस्तो सहभागिता थियो ?**

म झन्डै दुई दशकदेखि कतारमा नै कार्यरत छु । कतारले विश्वकपको जिम्मेवारी सम्हाल्दै गर्दा हामी पनि नजिकबाट यसमा

> नेपाली म्यानेजमेन्टबाट संचालित मेरो कम्पनीले यति ठूलो अवसर पाउनु भनेको गर्वको कुरा हो। फिफाको प्रोजेक्टमा नेपाली म्यानेजमेण्टका ३ वटा कम्पनीले यस्तो जिम्मेवारी पाउन सफल भए ।

जोडिन पायौं। विश्वकप चलिरहदा हामीले सर्टर्मकारुपमा इभेन्ट मेनेजमेन्ट, पाहुनाको सत्कार तथा व्यवस्थापन लगायतको जिम्मेवारीमा सरिक हुन पायौं। त्यसमा मेरो कम्पनीले लजिस्टिक सपोर्टमा विभिन्न स्टेडियमका भेन्युहरूमा म्याच हस्पिट्यालिटीको मेन कन्ट्याक्टरसँग सहकार्य गर्ने मौका पायो। स्टेडियमहरूका क्याटरिङमा हाम्रा १ हजार माथि स्टाफहरूले काम गरे। करिब ५ सय जना सेक्युरेटी गार्ड र ३ सय जना लजिस्टिकले काम गर्ने मौका पाए। नेपाली म्यानेजमेन्टबाट संचालित मेरो कम्पनीले यति ठूलो अवसर पाउनु भनेको गर्वको कुरा हो। फिफाको प्रोजेक्टमा नेपाली म्यानेजमेण्टका ३ वटा कम्पनीले यस्तो जिम्मेवारी पाउन सफल भए।

**कतारमा सम्पन्न विश्वकपबाट नेपालीहरूले के सिक्न सक्छौ ?**

सबैभन्दा पहिला त इच्छा शक्ति भएको खण्डमा जे पनि गर्न सकिने रहेछ भनेर कतारले विश्वलाई देखायो। दीर्घकालिन भिजन ल्याएर विकास निमार्णमा लाग्ने हो भने असंभव केही रहेनछ। कतारबाट हामीले धेरै पाइरहेका छौ। कतारमा धेरै नेपालीहरूले रोजगारी पाइरहेका छन् भने व्यवसाय गर्नेले व्यवसायको अवसर पनि पाइरहेका छन्। कतारबाट नेपालले धेरै फाइदा लिइरहेको छ। आगामी दिनमा नेपाल सरकारले पनि दृढ हिसाबले दीर्घकालिन भिजन लिएर अगाडि बढ्ने हो भने असम्भव केही छैन भन्ने कुरा कतारबाट सिक्न सक्छौं।

कतार कुकिङ ग्यासमा विश्वमा तेस्रोमा छ तर नेपालले पनि पुरै हाइड्रोपावर प्रयोग गरेमा विश्वको दोस्रो तेस्रोमा पक्कै आउँछ। हाइड्रो इलेक्ट्रीसिटीमा नेपालले धेरै फड्को मार्न सक्नेछ। अब नेपाली दाजुभाइ तथा दिदिबहिनीहरूलाई स्वदेशमै रोजगारी दिलाउन सक्नुपर्छ। विदेशिएका ९९ प्रतिशत नेपाली पनि छिट्टै नेपाल फर्कन आतुर छन्। हामीले पठाएको रेमिट्यान्सको सही सदुपयोग गर्दै राष्ट्र विकास गरेर हामीहरूको स्वदेश फर्किने सपना पुरा गर्नुपर्छ। कतारको समृद्धि यहीं बसेर देख्न पाएको हुँदा गर्व पनि लाग्छ। तर, हाम्रो देशमा पनि किन यही गतिमा समृद्धि हुन सकेन भन्ने अलिकति चिन्ता लाग्छ।





# 'स्ट्रङ र डेडिकेटेड लिडरशीप'ले विश्वकप सफल

**राज रेग्मी,** एनआरएनए युवा उपाध्यक्ष
तथा फिडियस प्रोजेक्ट एण्ड कन्ट्रक्शन कतारका संचालक

*कतारमा सफल नेपाली व्यवसायी मध्ये राज रेग्मी पनि एक हुनुहुन्छ। उहाँले कतारमा फिडियस प्रोजेक्ट एण्ड कन्ट्रक्शन कम्पनी संचालन गरेर कतारको विकास निमार्णमा काम गरिरहनु भएको छ। कतारमा रंगशाला, आधुनिक भवन तथा बाटाघाटाहरू निमार्णमा उहाँको कम्पनी संलग्न छ। कतारले विश्वकप सम्पन्न गरिरहँदा र त्यसको हिस्सा आफुहरू पनि बन्न पाउँदा रेग्मी खुशी हुनुहुन्छ। विश्वकप र नेपालीहरूको सम्बन्धमा उहाँसँग गरिएको छोटो कुराकानी :*

**• तपाईको कर्मभूमी कतारले विश्वकप फुटबल सफलतापूर्वक सम्पन्न गरिरहँदा तपाईले यसलाई कसरी हेर्नुभएको छ ?**

हामी लाखौ नेपालीहरूको कर्मभूमी कतारले सफलतापूर्वक विश्वलाई नै चकित बनाएर विश्वकप सम्पन्न गर्दा सबैभन्दा खुशी हामी नेपाली भएका छौं। एउटा राम्रो नेतृत्वले परिवर्तन र विकास ल्याउन खोज्ने हो भने त्यो सम्भव रहेछ भनेर  कतारले उदाहरण देखायो। छोटो समयमा यति ठूलो इभेन्ट कतार जस्तो सानो देशले गर्नु भनेको हाम्रो लागि मात्रै नभई सम्पुर्ण विश्वकै लागि उदाहरण बन्यो। हामीले फुटबलको महाकुम्भमा प्रत्यक्षरुपमा स्टेडियममा गएर हेर्ने मौका पायौ। यसका लागि कतार सरकार र यहाँको नेतृत्वप्रति सदैव आभार प्रकट गर्न चाहान्छु।

**• कतारले आयोजना गरेको यति ठूलो प्रतियोगितामा धेरै नेपालीहरूले प्रत्यक्ष खेल हेर्न पाए, तपाईले हेर्नुभयो ?**

कतारमा यति ठूलो खेल हुँदा नहेर्ने त कुरै भएन नि। मैले फाइनलसहित ३/४ वटा म्याच हेरे। नेपालका साथीभाई तथा खेलप्रेमीहरू कतार आएर विश्वकप हेर्न पाउनु भनेको एउटा ठूलो अवसर पनि हो। अन्य देशमा वर्ल्डकप हुँदा चाहेर पनि जान सकिदैन तर कतारमा धेरै साथीहरूले गेम हेर्नुभयो। नेपालबाट दुरीको हिसावले कतार नजिक छ। हामी लगायत एसियन मुलुकहरूले वर्ल्डकप हेर्न पाउनु सबैका लागि गर्वको र खुशीको विषय हो।

**• विश्वकपमा नेपालीहरूको योगदानलाई तपाईले कसरी हेर्नुभएको छ ?**

कतारले नेपालबाट श्रमिक ल्याउन थालेको लामो समयदेखि नै हो। नेपाल र कतारबीच दुईपक्षिय सम्बन्ध छ। नेपालीहरूलाई इमान्दार कामदार भनेर अधिकांशले रुचाउने गरेका छन्। त्यो भनेको हामी नेपालीहरू अनुशासित छौ र कामप्रति इमान्दार छौ। यसले गर्दा दुवैतर्फ फाइदा पुगिरहेको छ। कतारले इमान्दार कामदार पाइरहेको छ भने नेपालीहरूले राम्रो रोजगारी पाइरहेको अवस्था छ। त्यसकारण कतारले आयोजना गरेको विश्वकप सफल बनाउन नेपालबाट थुप्रै कामदारहरू आएर काम गरेका छन्। र उनीहरूले राम्रो पारिश्रमिक पनि पाएका छन्। त्यति मात्र होइन विश्वकपमा धेरै नेपालीहरूले स्वयमसेवक, सुरक्षा गार्ड तथा अन्य म्यानेजमेण्टमा पनि प्रत्यक्ष काम गर्नुभयो। नेपालीहरूको निरन्तर परिश्रमको एक हिस्सा विश्वकपमा मिसिएको छ। यसमा हामीलाई गर्व लाग्छ।

**• नेपालले कतारको यति ठूलो सफलताबाट केही उदाहरण सिक्न सक्छ ?**

अहिलेको परिवेशमा कतार विश्वमा सुपरिचित भयो। छोटो समयमा तीव्र गतिमा विकास गरेर कतारले एक उदाहरण दिएको छ। 'स्ट्रङ र डेडिकेटेड लिडरशीप'ले नै सबै सम्भव भएको हो। दिगो लक्ष्य लिएर हिड्यो भने पक्कै सफल होइन्छ भन्ने उदाहरण अहिले कतारले छोटो समयमा गरेको इभेन्टले दर्शाउछ। नेपालमा भएका लिडरशीपहरूले पनि यसबाट सिक्नुपर्ने धेरै कुराहरू छन्। डेडिकेटेड र कमिटेड भएर लाग्ने हो भने नेपाल बनाउनलाई पनि धेर समय लाग्दैन। दक्ष जनशक्तिहरू नेपालमै धेरै हुनुहुन्छ, मात्र भिजन चाहिएको छ।

नेपालमा दिगो सरकार बन्ने र लक्ष्य लिएर आउने राम्रो लिडरशीप भए धेरै फड्को मार्न सकिन्थ्यो। देश बनाउनु पर्छ भन्ने सपना बोकेर डेडिकेटेड भएर लाग्ने हो भने नेपाल बनाउनलाई धेरै समय लाग्दैन। यसको उदाहरण कतार हो र हाम्रो नेताहरूले यो सिक्नुहुनेछ भन्ने अपेक्षा पनि गर्छु।

फिफा विश्वकप कतारले आयोजना गरिरहँदा गैरआवासीय नेपाली संघ कतारको सक्रियता ह्वात्तै बढ्यो । विश्वकप हेर्न आउने नेपाली पाहुनालाई स्वागतका साथै विश्वकप अवधिभर फ्यान जोनमा नेपाली कलासँस्कृति देखाउनमा एनआरएनए कतारको व्यस्तता थियो । आफ्नो कर्मभूमीमा विश्वकप आयोजना हुँदा एनआरएनए कतारका अध्यक्ष मुक्तदा सबैभन्दा बढी खुशी देखिनुहुन्थ्यो । उहाँले सार्वजनिकरुपमा नै भन्नुभएको थियो- 'फुटबल हेर्न कतार आउनेले हामीलाई जानकारी दिनुहोला, विमानस्थलमा स्वागत गर्न एनआरएनए आइपुग्छ र आवश्यक सहयोग गर्छ ।' अध्यक्ष मुक्तदाले स्टेडियममा नेपालको झन्डा फहराउन पाउँदा एकदमै गर्वको महशुस भएको बताउनुभएको छ । एनआरएनए कतारका अध्यक्ष मुक्तदासँग विश्वकप र कतारमा रहेका नेपाली समुदायका विषयमा गरिएको छोटो कुराकानी :



# कर्मभूमीको विश्वकपमा सरिक हुने अवसर पायौं

**मोहम्मद मुक्तदा,** एनआरएनए कतारका अध्यक्ष तथा व्यवसायी, कतार

**कतारले विश्वकप सम्पन्न गरेको छ, तपाईको कर्मभूमीमा यति ठूलो प्रतियोगिता सम्पन्न हुँदा के भन्न चाहनुहुन्छ ?**

म विगत २० वर्षदेखि कतारलाई कर्मथलो बनाएर बसेको छु । कतारलाई कर्मथलो बनाउँदा एकदमै गर्व महसुस भएको छ । म कतारमा काम गरिरहेको छु, मलाई यो पनि गर्व छ । कतारले फिफा वर्ल्डकप २०२२ सफलतापूर्वक सम्पन्न गरेको छ । विगतका वर्षहरूमा भएका जति वर्ल्डकपहरू छन् त्यो भन्दा लाखौ गुणा राम्रो व्यवस्थापनमा कतारमा समापन भएको छ । यसको लागि नेपाली समुदायबाट भोलेन्टियर लाग्नुभएका सम्पुर्ण भोलेन्टियर साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहान्छु र नेपाली समुदायबाट प्रत्यक्ष अप्रत्यक्ष सहभागी हुनुभएका र सहयोग गर्नुहुने सबै साथीहरूलाई म एनआरएनए कतारको अध्यक्षको नाताले हार्दिक धन्यवाद दिन चाहान्छु ।

**विश्वकपमा एनआरएनए कतारको तर्फबाट कस्तो सहभागिता रहेको थियो ?**

गैरआवासिय नेपाली संघ कतारले फिफा वर्ल्डकप गराउने संस्था सुप्रिम कमिटीसँग र कतार सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्दै विभिन्न कार्यक्रम गर्यौ । नेपाली दूतावासको सहकार्यमा एनआरएनएले विभिन्न खेलकुद निकायसँग समन्वय गर्दै पनि कार्यक्रम गर्यौ । हामी वर्ल्डकपमा कसरी सहभागी हुन सक्छौ ? कसरी आफ्नो देशको भेषभुषा र कल्चरलाई विश्वसामू देखाउन सक्छौ ? भनेर पटक पटक छलफल गर्यौं । फिफा वर्ल्डकप हुनुभन्दा अगावै नेपालीहरूलाई डेढ घण्टा समय दिइएको थियो । सो समयमा हामी सबै सहभागी भएर नेपाली कला संस्कृति र भेषभूषा प्रस्तुत गर्‍यौ । सबैले एकदमै राम्रो लाग्यो भनेर प्रशंसा गर्नुभयो ।

त्यसपछि हामीले कतार सरकारको श्रम मन्त्रालयसँग समन्वय गरेर कतार सरकारले उपलब्ध गराएको स्थानमा नेपाली समुदाय भेला भएर सांस्कृतिक कार्यक्रमहरू, नेपालको भेषभुसा, नेपालको कला संस्कृति देखाउने अवसर पायौ । हामीले वर्ल्डकप अवधीभर दैनिक जसो नै सनैयाको एसिया टाउनमा रहेको फ्यान जोन र कर्निसको फ्यान जोनमा प्रस्तुती दिने अवसर पायौ । त्यसको लागि कतार सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छौ ।

**कतारमा आयोजना भएको वर्ल्डकपबाट हामी नेपाल र नेपालीले फाइदा लिन सक्यौकी सकेनौं ?**

हामी नेपालीहरूका लागि यो सबैभन्दा राम्रो अवसर थियो । हालसम्म जति वर्ल्डकप भए त्यो भन्दा हजारौ गुणा नेपालीहरूले कतारमा वर्ल्डकप हेर्न पाए । त्यो नै सबैभन्दा ठूलो उपलब्धी हो । कर्मथलो बनाएर बसेको देशले फिफा वर्ल्डकप आयोजना गर्नु भनेको हाम्रो लागि गर्वको विषय हो । हामी जुन देशमा बसेका छौ त्यही देशमा वर्ल्डकप हेर्न पायौं ।

एउटा सामान्य व्यक्तिले पनि फिफा वर्ल्डकप हेर्न पाएको छ । कतार सरकारले सुरुमा सस्तो टिकटमा नेपाली दाजुभाइ दिदिबहिनीहरू टिकट काटने अवसर दिएको थियो । अहिलेसम्म अरु देशमा वर्ल्डकप हुँदा नेपालीहरूको सहभागिता एकदमै कम हुन्थ्यो । अहिले नेपालबाटै कम्तीमा पनि ३-४ हजार नेपाली आएर फिफा वर्ल्डकप हेर्नुभएको छ । कयौ नेपाली साथीहरूलाई कतारमा स्वागत गर्न पायौ ।

**एनआरएनएले विश्वकप हेर्न आउनेहरूलाई स्वागत तथा सम्मान गर्न पाउँदा कस्तो अनूभुति भयो ?**

एनआरएनए एनसीसी कतारले आइसीसीमार्फत विश्वमा छरिएर बस्नुभएका गैरआवासीय नेपालीहरूलाई कोही पनि साथी वर्ल्डकप हेर्न कतारमा आउँदै हुनुहुन्छ भने हामीलाई जानकारी गराएर आउनु हामी एयरपोर्ट मै आएर स्वागत गर्छौं भनेका थियौं । एनआरएनएका पदाधिकारी, एनआरएनएका अभियान्ता साथीहरू, पत्रकारहरू तथा नेपालका अन्य व्यक्तिहरूलाई एयरपोर्टमा पुगेर स्वागत सम्मान गर्न पाउँदा एकदमै खुशी भएका छौ । यो भन्दा खुशी हुने ठाउँ छैन । अनि खेल भएको स्टेडियममा नेपालको झन्डा फहराउन पाउँदा एकदमै गर्व महशुस भएको छ । यो सानो कुरा होइन हामीले जुन किसिमको अवसर पाएका छौ त्यो अर्को पटक आउँछ आउँदैन । मैले पनि जिवनमा पहिलो पटक बिना खर्च विश्वकप २०२२ मा सरिक हुन पाए । आफूलाई निकै भाग्यमानी भएको महशुस गरेको छु ।

# हार्दिक समवेदना

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
ईन्द्रै बिन्ती गरून झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ॥



जन्म : १९९७/०८/१२

स्वर्गारोहण : २०७९/०९/१४

## स्व. कुन्ता कुमारी शर्मा

हाम्री प्रातः स्मरणीय माता कुन्ता कुमारी शर्माको असामयिक स्वर्गारोहणले हामी अत्यन्तै मर्माहत भएका छौं। शोकको यस घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

दुःखको यस समयमा सागर जानुहुने, समवेदना प्रकट गर्नुहुने, सहयोग गर्नुहुने सम्पूर्ण इष्टमित्र, बन्धुबान्धव, छरछिमेक तथा संघसंस्थाहरूमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**छोरा/बुहारीहरू :**

बिमलप्रसाद शर्मा/मनरूपा शर्मा
कुलराज शर्मा/सीता शर्मा
राजेन्द्रकुमार शर्मा/बन्दना शर्मा
लिलाराम शर्मा/तुलसी शर्मा
युवराज शर्मा/प्रतीक्षा शर्मा

**नाति/नातिनी बुहारीहरू (छोरातर्फ) :**

सिद्धार्थ शर्मा/पूजा शर्मा, गोपाल शर्मा/रिया शर्मा
सागर शर्मा, सजल शर्मा, शैलेश शर्मा, सुजल शर्मा,
अधिराज शर्मा, अदभिक युवराज शर्मा

**छोरी/ज्वाइँहरू**

रिमकला पौडेल/खर्कीराम पौडेल
रेनुका खरेल
रामलाल भट्टराई

**नातिनी/नातिनी ज्वाइँ**

शारदा ढकाल/रामकृष्ण ढकाल
सिर्जना सापकोटा/शिखर सापकोटा
सन्ध्या शर्मा

एवम्

## समस्त शर्मा परिवार

भरतपुर महानगरपालिका-१६, फूर्तिचोक, चितवन




# विदेशमा रहेका नेपाली सामाजिक सुरक्षा योजनामा आवद्ध हुन बाटो खुल्यो

## अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगार क्षेत्रको सामाजिक सुरक्षा संचालन कार्यविधि सार्वजनिक

• अर्थ र रोजगार

सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका नेपालीलाई पनि योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समेटने गरी कार्यविधि सार्वजनिक गरेको छ। कोषले अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगार क्षेत्रको सामाजिक सुरक्षा संचालन कार्यविधि सार्वजनिक गरेको हो।

औपचारिक क्षेत्रका श्रमिकहरूका लागि सामाजिक सुरक्षा योजना संचालन कार्यविधि २०७५ कार्यान्वयन भैरहेको सन्दर्भमा अनौपचारिक क्षेत्रमा रहेका श्रमिक र स्वरोजगार व्यक्तिहरूका लागि सामाजिक सुरक्षा योजना संचालन कार्यविधि २०७९ र वैदेशिक रोजगारीमा रहेका तथा विदेशमा स्वरोजगार रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना संचालन कार्यविधि २०७९ गत मंसिर २५ गते मन्त्रालयबाट स्वीकृत भएको थियो।

स्वीकृत कार्यविधि अनुसार अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरूले नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रामिकको २०.३७ प्रतिशत, वैदेशिक रोजगारी तथा विदेशमा स्वरोजगार रहेकाले न्यूनतम आधारभूत पारिश्रामिकको २१.३३ प्रतिशत वा त्यसको ३ गुणासम्म र नेपालमै स्वरोजगार रहेका व्यक्तिहरूले नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रामिकको ३१ प्रतिशत वा त्यसको ३ गुणासम्म मासिकरुपमा कोषमा योगदान गरी कार्यविधि बमोजिमको सुविधा उपभोग गर्न सक्ने छन्।

कार्यविधिले नियमित रुपमा योगदान गर्ने योगदानकर्तालाई औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र बृद्ध अवस्था सुरक्षा योजना गरी विभिन्न योजनाहरू संचालनमा ल्याएको छ। अनौपचारिक र स्वरोजगार क्षेत्रको कार्यविधि आगामि वैशाख १ बाट र वैदेशिक रोजगार क्षेत्रको कार्यविधि स्वीकृत भएको ९० औ दिनबाट प्रारम्भ हुने कार्यविधिमा उल्लेख छ।

सामाजिक सुरक्षा योजना औपचारिक क्षेत्र हुँदै अनौपचारिक क्षेत्र, स्वरोजगार र वैदेशिक रोजगारको क्षेत्रमा विस्तार गरि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सबैका लागि हुने गरी व्यापकता प्राप्त गर्ने विश्वास लिएको मन्त्रालयले जनाएको छ।

कार्यविधि सार्वजनिक कार्यक्रममा बोल्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले बिभिन्न पेशा व्यवसायमा रहेका आम नागरिकहरूलाई सुरक्षित हुँदैछु भन्ने अनुभूति सामाजिक सुरक्षा कार्यक्रमले गराएको बताए। श्रमिकका समस्याहरूलाई समाधान

गर्न मन्त्रालय र सामाजिक सुरक्षा कोष एकदमै गम्भीर भएर लागेको बताउदै उनले भने 'वैदेशिक रोजगारलाई कसरी सुरक्षित बनाउने भनेर हामी पनि लागिरहेका छौ, यो क्षेत्रमा काम गर्ने सबैले यो विषयलाई गम्भीरतापूर्वक लिनुपर्छ र बुढेशकालमा हाम्रो सहारा राज्य छ भन्ने महसुस गराउन हामीले सक्नुपर्छ।'

सामाजिक सुरक्षा कोषलाई सबैको पहुँचमा पुऱ्याउन देशैभर सम्पर्क कार्यालय स्थापना गर्ने तयारी भैरहेको जनाउदै सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले भने -'सामाजिक सुरक्षा कार्यक्रमलाई स्वदेशमा मात्र होइन विदेशमा रोजगारी गरिरहेका तथा स्वरोजगार बनिरहेका नेपालीमाझ पुऱ्याउन एनआरएनए र वैदेशिक रोजगार व्यवसायी संघबाट पनि उल्लेखनिय सहयोग भयो, यसको लागि कोषकोतर्फबाट म आभार प्रकट गर्न चाहन्छु।'

नेपाल उद्योग बाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले सामाजिक सुरक्षा कोष सुरु गर्दा कतिपय व्यवहारिक कठिनाई आएपनि अहिले त्यसमा सुधार हुदै आएकोमा खुसी व्यक्त गरे। 'सामाजिक सुरक्षा योजना सुरुवात हुनु एकदमै राम्रो कुरा हो र आउने दिनमा यसमा रहेका अरु बाधा-व्यवधान पनि सुधार होस, कार्यक्रमको पुर्ण सफलताको शुभकामना दिन चाहन्छु' ढकालले भने।

यस्तै गैरआवासीय नेपाली संघकी अध्यक्ष रविना थापाले सन् २०११ देखि वैदैशिक रोजगारमा गएका नेपालीहरूको सुरक्षाको माग गर्दै संघले आवाज उठाएकोमा अहिले त्यसले सार्थकता पाएकोमा खुसी व्यक्त गरिन। 'बैदेशिक रोजगारमा मृत्यु भएका श्रमिकहरूका घरपरिवारको पनि सुरक्षा हुनुपर्छ' उनले भनिन।

यस्तै श्रम सचिव एकनारायण अर्यालले श्रमिकहरूको हकअधिकार कानुनी रुपमा स्पष्ट भएको बताउदै सबै श्रमिकहरूमा कार्यविधिमा भएको फ्यासिलिटीहरूलाई उपभोग गर्ने कुराको सूचना पुऱ्याउनुपर्नेमा जोड दिए। उनले भने -'सबै खालका मजदुरहरू यस योजनाबाट लाभान्वित हुने विश्वास लिएका छौ, हामीले निजामति कर्मचारीले भन्दा बढी राम्रो सेवा सुविधा श्रमिकहरूले पाउने व्यवस्थासहित कार्यविधि निर्माण गरेका छौ।'

## कार्यविधिप्रति एनआरएनएको स्वागत्

सरकारले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई सामाजिक सुरक्षा योजनामा समेटने गरी ल्याएको कार्यविधिप्रति गैरआवासीय नेपाली संघले खुसी व्यक्त गरेको छ।

'योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने क्रममा अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको सामाजिक सुरक्षा योजना कार्यविधि तयार गरी सार्वजनिक गरेकोप्रति हार्दिक आभार प्रकट गर्दछौं' संघका उपाध्यक्ष तथा वैदेशिक रोजगार कल्याणकारी विभागका सभापति डिबी क्षेत्रीले भने।

नेपालमा सामाजिक सुरक्षा कोषको स्थापना भएदेखिनै गैरआवासीय नेपाली संघले यस कोषमा विदेशमा रहेका नेपालीलाई पनि समेटनका लागि पैरवी गर्दै आएको उपाध्यक्ष क्षेत्रीले बताए। 'ओमानमा हजारे अभियानको प्रस्तावमाथि बृहत छलफल गर्दै यो अभियान प्रारम्भिकरुपमा सुरु गरिएकोमा पहिलो संविधानसभाबाट वैदेशिक रोजगारमा गएकाहरूलाई समेट्नेगरी सरकारले यो प्रस्ताव पारित गरेको थियो' उपाध्यक्ष क्षेत्रीले बताए।

यस विषयमा संघले सरकारसँग विभिन्न चरणमा छलफल र समन्वय गर्दै आएको बताउँदै उपाध्यक्ष क्षेत्रीले एक दशकभन्दा बढी समयपछि भएपनि संघको पहलले मूर्त रुप लिएकोमा खुसी व्यक्त गरे। 'वैदेशिक रोजगारीमा रहेका लाखौं नेपाली श्रमिक पनि सामाजिक सुरक्षा कोषमा औपचारिकरुपमा जोडिन बाटो खुलेको छ, यो हाम्रो लागि गौरवको कुरा हो' क्षेत्रीले भने -'संघको तर्फबाट पटक-पटक विदेशमा रहेका नेपालीलाई सामाजिक सुरक्षा कोषमा जोडिनुपर्छ भन्ने विषय उठान गर्दै आएकोमा त्यसको सम्बोधन नेपाल सरकारले गरेको महसुस हामीले गरेका छौं।'

सन् २०१३ मा गैरआवासीय नेपाली संघ ओमानमा हजारे अभियानको प्रस्तावनामाथि बृहत छलफल गर्दै यो अभियान प्रारम्भिक रुपमा सुरु भएको थियो। नेपाल सरकार र सरोकारवालाहरूबीच विभिन्न चरणमा छलफल भई सन् २०१६ मा सामाजिक सुरक्षा कोषमा सहकार्य गर्न संघ र सरकारबीच सम्झौता भएको थियो। त्यही वर्ष यस विषयमा सञ्चय कोषसंग पनि संघले सम्झौता गरेको थियो।

वैदेशिक रोजगारीमा रहेका नेपाललीलाई सामाजिक सुरक्षामा समेटने गरी ल्याइएको कार्यविधि एनआरएनएको लागि एउटा उपलब्धी र समग्र नेपाली आप्रवासीका लागि नयाँ अध्यायको सुरुवात भएको बताउदै उपाध्यक्ष क्षेत्रीले यस महान कार्यलाई सफल बनाउन भूमिका खेल्ने नेपाल सरकार, सरकारी अधिकारीहरू, सरोकारवालाहरू, सम्पुर्ण गैरआवासीय नेपाली अभियन्ता तथा अग्रजहरू, सञ्चारकर्मी एवं सम्बन्धित सबैलाई संघकोतर्फबाट धन्यवाद ज्ञापन गरे।

### यस्तो छ आवद्ध हुने प्रक्रिया

योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुन चाहने वैदेशिक रोजगारमा रहेको श्रमिकले यो कार्यविधि प्रारम्भ भएपछि र विदेशमा स्वरोजगारमा रहेकाहरूले मन्त्रालयले तोकेको मितिदेखि कोषमा सूचिकृत हुने व्यवस्था रहेको छ।

कोषमा सूचिकृत हुनका लागि कोषको कार्यालय, कोषले तोकेको निकाय, कार्यालय वा कोषको अनलाइन प्रणालीबाट निवेदन दिन सकिने छ। जसका लागि वैदेशिक रोजगारीमा रहेकाले नागरिकता वा राहदानीको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि, श्रम गर्न जान लागेको देश, रोजगारदाता कम्पनी र ठेगाना तथा नेपालमा सम्पर्क गर्ने व्यक्तिको विवरण संलग्न गर्नुपर्नेछ।

यस्तै विदेशमा स्वरोजगारमा रहेकाले नेपाली नागरिकता वा राहदानी र भिसाको प्रमाणित प्रतिलिपि, पेशा-व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेशा-व्यवसायको नाम तथा ठेगाना र कोषमा सूचिकृत भएपछि आफूले मासिक रुपमा गर्ने योगदान रकम खुलाउनुपर्नेछ। भिसा आवश्यक नपर्ने मुलुकमा स्वरोजगारमा रहेको भए नेपाली नागरिकता वा राहदानीको प्रमाणित प्रतिलिपि पेस गरे पुग्नेछ।

योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुन चाहने वैदेशिक रोजगारमा रहेका श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिले आफु रहेकै मुलुकबाट अनलाइन प्रणालीमार्फत सूचिकरणको लागि निवेदन दिन सक्नेछन भने कोषले निवेदन जाचबुझ गरी अनलाइन प्रणालीमार्फत नै योगदानकर्तालाई सामाजिक सुरक्षा परिचयपत्र उपलब्ध गराउने छ।

यस्तै वैदेशिक रोजगारीमा जाने नेपालीले श्रम स्वीकृति लिदा नै योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध हुन सक्ने व्यवस्था पनि कार्यविधिले गरेको छ।

### योजनाको सञ्चालन तथा सुविधाको सीमा

सामाजिक सुरक्षा योजना कोषले वैदेशिक रोजगारमा रहेको श्रमिक वा विदेशमा स्वरोजगारमा रहेकाहरूका लागि दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना सञ्चालन गर्नेछ भने उनीहरूले नेपाल सरकारले औधोगिक क्षेत्रका श्रमिकको लागि तोकेको न्युनतम आधारभूत पारिश्रमिकको कम्तीमा २१.३३ प्रतिशत योगदान गर्नुपर्ने छ।

जसमा १३.८५ प्रतिशत वृद्ध अवस्था सुरक्षा योजना र ७.४८ प्रतिशत दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा बाँडफाँट हुनेछ। वैदेशिक रोजगारमा रहेका श्रमिक वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिले योजनामा औद्योगिक क्षेत्रका श्रमिकका लागि तोकेका न्यूनतम आधारभूत पारिश्रमिकको बढीमा ३ गुणासम्म योगदान गर्न सक्नेछन्।

सामाजिक सुरक्षा योजना अन्तर्गत दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजना सुविधा प्राप्त गर्नका लागि योगदानकर्ताले घटना घटेको मितिभन्दा अघिको बाह्र महिनामा कम्तीमा नौ महिनाको रकम



कोषमा जम्मा गरेको हुनु पर्नेछ भने वृद्ध अवस्था सुरक्षा योजना सुविधाका लागि वैदेशिक रोजगारी वा विदेशको स्वरोजगार अन्त्य गरी नेपाल फर्किएको हुनुपर्नेछ। यस्तै योगदानकर्ताले निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफलसमेत जोडी हुन आउने कुल योगदान रकम एकमुष्ट लिने वा सो रकमलाई एकसय साठीले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभरण लिने मध्ये कुनै एउटा विकल्प छनौट गर्न सकिने छ।

वैदेशिक रोजगारीमा रहेका श्रमिक वा विदेशमा स्वरोजगारमा रहेको योगदानकर्ताको दुर्घटना भएमा र दुर्घटनाबाट अशक्त भएमा उपचार गराउँदाको अवस्थामा १ लाखसम्मको उपचार खर्च कोषले भुक्तानी गर्नेछ। यस्तो उपचार खर्चको भुक्तानी कोषले निर्धारण गरेको दरेटका आधारमा हुन आएको कुल खर्च रकमको असी प्रतिशत वा प्रतिवर्ष एक लाखमध्ये कुन कम हुन्छ सो हदसम्मको रकम प्राप्त हुनेछ।

यस्तै दुर्घटनाको कारण अस्थायी पूर्ण असक्षमता भएको योगदानकर्ताले काममा फर्कन सक्ने अवस्था नभएसम्म न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा पाउनेछन भने दुर्घटनाका कारण स्थायी असक्षमता भएको योगदानकर्ताको असक्षमताको अनुपातमा न्युनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकमलाई शतप्रतिशत मानी निजको असक्षमता प्रतिशतको आधारमा जीवनकालभर निवृत्तिभरण सुविधाबापत मासिक रुपमा रकम पाउनेछ। दुर्घटनाको कारण स्थायी पूर्ण असक्षमता भएको योगदानकर्ताले न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा निज जीवित रहुन्जेल पाउनेछन्।

यस्तै योगदानकर्ताको मृत्यु भएमा निजको पति या पत्नीले न्यूनतम आधारभूत पारिश्रमिकको चालिस प्रतिशतका दरले जीवनभर निवृत्तभरण पाउनेछन भने निजको अठार वर्ष उमेर पुरा नभएको सन्ततिले सो उमेर पूरा नभएसम्म शैक्षिकवृत्ति बापत न्यूनतम आधारभूत पारिश्रमिकको चालीस प्रतिशत रकम मासिक रुपमा पाउनेछ। तर एकभन्दा बढी सन्तती सुविधा पाउने अवस्थाको भएमा सो रकम सुविधा पाउने सबै सन्ततिलाई दामासाहीले प्रदान गरिनेछ।

योगदानकर्ताको एकाघरको पति-पत्नी वा छोराछोरी नभएमा निजसँग आश्रित बाबुआमा भए उनीहरूलाई न्यूनतम आधारभूत पारिश्रमिकको चालिस प्रतिशत रकम जिवनकालभर मासिकरुपमा प्रदान गरिनेछ। यस्तै योगदानकर्ताको मृत्यु भएमा निजको अन्तिम संस्कारको लागि हकवालालाई २५ हजार रुपैया एकमुष्ट उपलब्ध गराइने कार्यविधिमा उल्लेख छ।

## अग्रिम जम्मा गर्नेलाई छुट

यस योजनामा सहभागी योगदानकर्ताले कोषमा योगदान गर्नुपर्ने ६ महिनाभन्दा बढी अवधिको रकम अग्रीमरुपमा जम्मा गरे सञ्चालक समितिको निर्णय अनुसार १० प्रतिशतसम्म छुट दिन सकिने कार्यविधिमा उल्लेख छ।

यस्तै कोषले प्रदान गर्ने सुविधाहरू लगातार तीन वर्षसम्म प्रयोग नगर्ने योगदानकर्ताले निवृत्तभरण योजनामा सहभागी हुनेगरी निवेदन दिएमा संचालक समितिले निर्णय गरी उक्त योजनामा जम्मा भएको रकमको २० प्रतिशतसम्म वृद्धावस्था सुरक्षा योजनामा जम्मा हुनेछ भने सम्वन्धित देशमा बसोवासको लागि लाग्ने खर्च कटाई वार्षिक आम्दानीको कम्तिमा ७० प्रतिशत रकम बैंकिङ माध्यमबाट नेपाल पठाएको प्रमाण पेश गरेका संचालक समितिको निर्णय गराएर वृद्धावस्था सुरक्षा बाहेकका योजनाहरूमा जम्मा गर्नुपर्ने रकममा २० प्रतिशतसम्म छुट गर्न सकिने कार्यविधिमा उल्लेख छ।


सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

# 'नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२२' सार्वजनिक

'नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२२' सार्वजनिक गरिएको छ। अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसमा आयोजित कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले उक्त प्रतिवेदन सार्वजनिक गरेका हुन्।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दै मन्त्री शेरबहादुर कुँवरले अहिले सबैभन्दा बढि समस्या श्रमिकहरूका भएकाले उनीहरूका समस्याहरू सम्बोधन गर्नका लागि जुनसुकै देशका सरकारहरू पनि लाग्नुपर्ने बताए। उनले भने 'आजको दिन आप्रवासी श्रमिकहरूले अधिकार पाएको दिन पनि हो, हामीले जति सहज ढंगले श्रमिकहरू विदेश पठाएका छौ त्यतिनै सहज ढंगले त्यहाको समस्या केलाउन पनि आवश्यक छ।'

नेपालमा अहिले विदेशमा गएका श्रमिकहरूको रगत पसिनाले पठाएको रेमिट्यान्सबाट देशको अर्थतन्त्र धानिएको अवस्था रहेको भन्दै मन्त्री कुँवरले विदेशमा श्रमिकहरूले न्यूनतम पारिश्रमिक पाएका छन या छैनन, उनीहरू सुरक्षित छन् या छैनन्, कठिन अवस्थामा पर्दा रेस्क्यु गरिएको छकि छैन लगायतका विषय गम्भीरतापूर्वक लिनुपर्ने बताए। उनले श्रमिकको अधिकार प्राप्तिको लागि राज्य अभिभावक भएर लाग्नुपर्नेमा जोड दिए।

मन्त्री कुँवरले हालसालै मात्र कार्यविधि तय गरेर सामाजिक सुरक्षा कोष अन्तर्गत वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई पनि ल्याएको बताउदै यसलाई वैशाख १ गतेबाट लागू गर्ने तयारी भएको जानकारी दिए। 'श्रमिकको अधिकार प्राप्तिका लागि हामी सबै लागौ, तिनै तहका सरकारहरू मिलेर कामहरूलाई तदरुकताका साथ अघि बढाऔं' मन्त्री कुँबरले भने।




श्रम सचिव एकनारायण अर्यालले आप्रवासनमा रहेका श्रमिकहरूको स्टाटस अंकित हुने हिसाबले नेपाल आप्रवासन प्रतिवेदन २०२२ सार्वजनिक गरिएको बताए। 'प्रतिवेदनमा आप्रवासनको क्षेत्रमा काम गर्ने सबै संघ-सस्थाले दिनुपर्ने गाइडेन्स, नेपाल सरकार केन्द्रित हुनुपर्ने नीति, आइएलओ-आइओएम लगायतका संस्थाहरूले नेपाल सरकारसँग मिलेर काम गर्दा ध्यान दिनुपर्ने विषयवस्तुहरू समेटिएको छ' सचिव अर्यालले बताए।

यो रिसर्च भएकाले यसमा केही कमिकमजोरी भए आवश्यक सुझावको अपेक्षा मन्त्रालयले गरेको बताउदै सचिव अर्यालले भने - 'हाम्रो अहिलेको आप्रवासनको पोजिसन के छ, आप्रवासनबाट गएका श्रमिकहरूबाट मुलुकलाई के बेनिफिट हुन्छ र मन्त्रालयले लिनुपर्ने आगामी दिनको नीति के हुनुपर्छ भन्ने कुरा पोलिसी बनाउने सन्दर्भमा यो रिपोर्टले धेरै फिडब्याकहरू दिएको छ।'

यस्तै कार्यक्रममा बोल्दै वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्धारिका उप्रेतीले बोर्डले निजी क्षेत्रसँग सहकार्य गरेर सीपमूलक तालिम संचालन गर्नेदेखि लिएर स्वदेश फर्केका कामदारलाई स्थानीय स्तरमै व्यवस्थापनका लागि १५० स्थानिय तहका सरकारसँग सहकार्य गरेको बताए। गैरआवासीय नेपाली संघकी अध्यक्ष रबिना थापालले बिदेशमा सिकेको सीप कसरी स्वदेशमा ल्याउन सकिन्छ भन्नेमा सबै पक्षले जोड दिनुपर्ने बताइन। साथै उनले विश्वबजारमा श्रम जनशक्ति पठाँउदा सामाजिक सुरक्षासहित सबै कुरामा सुरक्षित बनाएर मात्र पठाउनुपर्नेमा जोड दिइन्।

# 'व्यावसायिक आइडिया भए लगानीको समस्या छैन'

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले व्यावसायिक आइडिया भए लगानीको समस्या नरहेको बताएका छन। बुटवलमा आयोजित युवा व्यवसायी समिटलाई सम्बोधन गर्दै वरिष्ठ उपाध्यक्ष ढकालले व्यवसाय गर्ने आइडिया भए लगानीका लागि लगानीकर्ता तथा बैंकहरू उपलब्ध हुने बताए।

'यदि तपाईंसँग आइडिया छ, तपाईं आमजनताको लागि काम गर्नुहुन्छ र इमानदारीसाथ काम गर्नुहुन्छ भने तपाईलाई लगानीको समस्या हुँदैन। बैंक तथा वित्तीय संस्थाहरू र लगानीकर्ताहरू तपाईलाई लगानी गर्न तयार हुन्छन्। अहिले भलै बैकमा तरलताको समस्या देखिएको छ। तर मलाई




लाग्छ यो समस्या लामो रहँदैन। बिस्तारै सहज हुँदै जान्छ,' उनले बताए।

मूल्यवृद्धि र बैंकिङ क्षेत्रमा देखिएको तरलता अभावका कारण मुलुकको अर्थतन्त्रमा परेको समस्याले व्यवसाय र व्यवसायीहरू मारमा परेको उनले बताए। अहिले निजी क्षेत्रले उठाएको एजेण्डाहरू निजीक्षेत्रको मात्र नभई समग्र अर्थतन्त्रको सुधारको लागि रहेको बताउँदै उनले निजीक्षेत्रका एजेण्डा भन्दै वेवास्ता गर्दै जाने हो भने यसको परिणाम सबै नेपालीले भोग्नुपर्ने बताए। उनले सरकारी संयन्त्रबीच एकआपसमा समन्वयको कमी रहेकोले यसको मार निजी क्षेत्रले खेप्नुपरेको पनि बताए।

रेमिट्यान्स, बैंकिङ तथा पर्यटन क्षेत्रको आफ्नो व्यवसायिक सफलताको उदाहरण दिँदै ढकालले राज्यको प्राथमिकता र आम जनताको सेवासँग जोडिएको कुनै पनि व्यवसाय सजिलै सफल हुने बताए।

# हार्दिक श्रद्धाञ्जली



जन्म : १९९७/०८/१२

## स्व. कुन्ता कुमारी शर्मा

स्वर्गारोहण : २०७९/०९/१४

गैरआवासीय नेपाली संघका उपाध्यक्ष तथा हाम्रा सहयोगी आदरणीय राजेन्द्र कुमार शर्मा (आर.के.) तथा एनआरएनए एनसीसी कतारका सल्लाहकार युवराज शर्माका ममतामयी माता **श्रीमती कुन्ता कुमारी शर्मा**को असामयिक र अप्रत्यासित स्वर्गारोहणले हामीलाई स्तव्ध र मर्माहत बनाएको छ ।

स्वर्गारोहण हुनुभएकी मुमाको आत्माको वैकुण्ठमा बास होस् र आत्मालाई शान्ति मिलोस् भन्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा सम्पुर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित गहिरो समवेदना प्रकट गर्दछौं ।

**उद्धव भट्टराई**, **प्रवन्ध निर्देशक** तथा

Reg. No.79646/067/068
Rojgar Media Pvt. Ltd.
रोजगार मिडिया प्रा.लि.

अर्थ र रोजगार · रोजगारीका आवाज · रोजगार मञ्च rojgarmanch.com

## जाँदाजाँदै निवर्तमान श्रममन्त्री कुँवरले भने-

# ‘छोटो अवधिमा परिणाममूखी काम गर्न सफल भयौं’

निवर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले आफूले छोटो समयमा श्रमजीवी वर्गका पक्षमा काम गरेको दाबी गरेका छन्। मन्त्रालयमा आयोजित विदाइ कार्यक्रममा उनले सम्पूर्ण कर्मचारी वर्गलाई एक बनाएर आफूले छोटो अवधिमा परिणाममूखी काम गर्न सफल भएको दाबी गरे।

आन्तरिक रोजगारी सिर्जना, वैदेशिक रोजगारीको व्यवस्थापन, सामाजिक सुरक्षाको दायरा बिस्तार, प्रधानमन्त्री रोजगार कार्यक्रमलगायत विविध कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बेरोजगारी समस्या समाधान खोज्न आफ्नो ध्यान केन्द्रित भएको बताए। निवर्तमान मन्त्री कुँवरले गत असार १३ मा श्रम मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए।

मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो छ महिनाको कार्य प्रगतिमा स्वदेशमा रोजगारी सिर्जना, वैदेशिक रोजगारी, सामाजिक सुरक्षा, व्यावसायिक सीप विकास तथा तालिम विस्तार र सेवा प्रवाहमा फड्को मारेको दाबी गरिएको छ।

श्रम बजारमा प्रवेश गर्ने सम्पूर्ण जनशक्तिलाई स्वदेशमा नै रोजगारी उपलब्ध गराउने उद्देश्यले उनीहरूको क्षमता विकास गरी व्यावसायिक सीप तथा तालिम प्रदान गर्ने कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिएको मन्त्रालयले जनाएको छ।

बेलायतमा नेपाली स्वास्थ्य श्रमिकलाई रोजगारीका अवसर उपलब्ध गराउन गत भदौ ६ मा नेपाल र बेलायतबीच श्रम समझदारीपत्रमा हस्ताक्षर भएको, रोमानियामा वैदेशिक रोजगारीमा जान चाहने नेपाली नागरिकले त्यहाँबाट रोजगार सम्झौता प्राप्त गरेपछि प्रवेशाज्ञा लिन भारत जानुपर्ने अवस्थालाई अन्त्यगरी अस्थायीरुपमा काठमाडौंमा रोमानियन मिसन स्थापना गरी सरलीकरण गरिएको उनले बताए।



वैदेशिक रोजगारी सम्बन्धी सेवालाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिका माध्यमबाट सेवा प्रवाह गरिएको, श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृतिको कामलाई पूर्णरुपमा अनलाइन प्रणालीमा आबद्ध गरिएको मन्त्रालयले जनाएको छ। यसबाट श्रम स्वीकृतिका लागि लामो लाइन लाग्नुपर्ने बाध्यताको अन्त्य भएको उनले बताए।

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका साथै सातवटै प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति दिने कार्य अगाडि बढिरहेको प्रगति विवरणमा उल्लेख छ।

अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कार्यविधि संशोधन गरी उनीहरूलाई सो प्रक्रियामा सहभागी गराइएको मन्त्रालयले जनाएको छ।

वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन ‘मार्सल टिम’ तथा ‘शीघ्र प्रत्युत्तर टोली’ गठन तथा २४ घण्टा गुनासो सुन्ने गरी मन्त्रालयमा श्रम कल सेन्टर स्थापना गरिएको उनले बताए।

मन्त्री कुँवरले आफूले छ महिनाका अवधिमा गरेका सुधारका प्रयासबाट मुलुकको समग्र रोजगारीमा सुधार आउने, वैदेशिक रोजगारको व्यवस्थापनमा सुधार, असल श्रम सम्बन्धको विकास, युवाले व्यावसायिक सीप तथा तालिमको विकास हुने दाबी गरे।

सबै श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको दायरामा आउने, मन्त्रालय मातहतका निकायले प्रदान गर्ने सेवा प्रवाह सरलता, सहजता, पारदर्शीतासँगै सुशासन प्रवर्द्धन हुने उनको विश्वास छ।




# नवनिर्वाचित सांसदहरूलाई शुभकामना दिँदै एनआरएनएले राख्यो यस्तो अपेक्षा







प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा प्रत्यक्ष तथा समानुपातिक प्रणालीतर्फ नवनिर्वाचित सांसदहरूलाई गैरआवासीय नेपाली संघ (एनआरएनए)ले सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ। संघले नवनिर्वाचित सांसदहरूलाई एनआरएनएले अहिलेसम्म गरेको काम र प्रगतिका बारेमा जानकारी दिंदै थाति रहेका नीतिगत कार्य सम्पन्न हुने अपेक्षा राखेको जनाएको छ।

संघका अध्यक्षत्रय कुल आचार्य, डा. बद्री के.सी. र रबिना थापाले नवनिर्वाचित सांसदहरूलाई एक शुभकामना तथा बधाई सन्देश दिंदै एनआरएनएले उठाउदै आएका केही मुद्दा अझै अपुरो रहेको हुँदा अबको संसदबाट पुरा हुने अपेक्षा राखेका हुन्।

एनआरएनएले नेपालमा महाभूकम्प आएको बेला तथा बाढीपहिरोको कहरले आक्रान्त भएका बेला नेपाली जन-जनलाई मल्हम लगाउन ठुलो प्रयत्न गरेको जानकारी गराउदै कोभिड-१९ महामारीको विषम् परिस्थितिमाझ पनि विदेशमा रहेका नेपालीहरूले यथाशक्य सहयोग गरेको जनाएको छ।

नेपाल सरकारको समन्वय, सहकार्य तथा लगानीसहित नेपालभित्र करीब १० अर्ब बराबरको लगानी कोष भएको 'एनआरएन नेपाल डेभलपमेण्ट कम्पनी' दर्ता भइसकेको, वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७९' पारित भइसकेको हुँदा यसलाई संघले महत्वपूर्ण उपलब्धि ठानेको जनाइएको छ।

संघले आफ्नो वक्तब्यमा भनेको छ -'वैदेशिक रोजगारी तथा आप्रवासनलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाउनको लागि संघले नेपाल सरकारसँग समन्वय तथा सहकार्य गरिरहेको छ। 'हजारे अभियान'को रुपमा स्थापित गरिएको सामाजिक सुरक्षा कोषको अवधारणाकै विस्तृत योजनाका रुपमा भर्खरै मात्रै सरकारले ल्याएको 'वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७९' लाई संघले महत्वपूर्ण उपलब्धि ठानेको छ।'

संघले स्थापनाकालदेखि नै उठाउदै आएको गैरआवासीय नेपाली नागरिकताको विषय संविधानले सम्बोधन गरिसकेको र गैरआवासीय नेपालीलाई विदेशबाटै मताधिकारको व्यवस्थाका लागि संघले गरिरहेको पहललाई सरकारले सम्बोधन गर्ने विश्वास लिएको संघले जनाएको छ।

संघले अब बन्ने सरकार, प्रतिनिधिसभा तथा प्रदेशसभाका सदस्य समेतले विभिन्न मागलाई आवश्यक सम्बोधन गर्न पहलकदमी र सहयोगका लागि अनुरोध गरेको छ। यस्तै गैरआवासीय नेपाली नागरिकतासमेत समावेश भएको नागरिकता विधेयकलाई मूर्तरुप दिन आवश्यक सहयोगको लागि पनि संघले आग्रह गरेको छ।

गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्याउन सरल, सहज र अनुकूल वातावरण निर्माण गर्नुका साथै कानूनी बाधा अड्चनलाई संशोधन गर्न अनुरोध गर्दै संघले भनेको छ- 'नेपालमा रोजगारी सिर्जना, उद्यमशिलता तथा पूर्वाधार विकास र नेपालीको जीवनस्तर उकास्न सहयोग हुने गरी समृद्ध नेपाल निर्माणमा गैरआवासीय नेपालीहरूको लगानी प्रोत्साहित गर्न अनुरोध गर्दछौ।'

दैनिक रुपमा १५ सयका दरले बैदेशिक रोजगारमा जाने युबाहरू अधिकांश अदक्ष कामदार हुने भएकोले नेपाली युबाहरूलाई सक्षम तथा दक्ष बनाउने कार्यक्रम तथा नीति सातै प्रदेशमा यथासक्दो छिटो शुरु गर्न पनि संघले माग राखेको छ।

यस्तै नेपाल धितो पत्र बोर्डले जारी गर्ने शेयरमा वैदेशिक रोजगारमा गएकाहरूलाई हाल १० प्रतिशत कोटा राखिएकोमा सो दायरा विस्तार गरि एनआरएनए कार्ड लिएका र नेपालमा रेमिट्यान्स खाता भएका सबैलाई समेट्न पनि संघले आग्रह गरेको छ।

गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न कठिनाइ हुने थाईल्याण्ड, म्यानमार, मलेसिया, फिजी लगायतका देशहरूमा पुर्स्तौंदेखि बसोबास गरी आएका नेपाली मूलका सबैलाई सहज रुपमा नेपालसँग जोड्न तथा सामाजिक,

साँस्कृतिक र आर्थिक अधिकारसहितको गैरआवासीय नेपाली परिचय पत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था ऐनमा संशोधन गर्न र हालसम्म परिचयपत्र लिएका नेपालीहरूलाई पनि गैरआवासीय नेपाली नागरिक सरह पाउने अधिकारको व्यवस्था गर्न पनि संघले अनुरोध गरेको छ।

गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा संघले नेपाल कानुन आयोगसँग विभिन्न चरणमा छलफल गरी दिएका सुझावहरूलाई सम्बोधन गरी कानून ल्याउनको लागि पहल गर्न र कुनै पेशा, व्यवसाय, रोजगारी वा अध्ययनमा रहि कम्तिमा एक वर्षमा १८३ दिन लगातार विदेशी मुलुकमा बसोबास गरिरहेको नेपालीलाई गैरआवासीय नेपाली नागरिक सम्झनु पर्छ भनेर गैरआवासीय नेपाली सम्बन्धी ऐनको परिभाषामा समावेश गर्न संघले माग राखेको छ।

नेपाल सरकारको सहकार्यमा र गैरआवासीय नेपाली संघको आयोजनामा सम्पन्न भएको पहिलो र दोश्रो विश्व विज्ञ सम्मेलनका सुझावहरूलाई कार्यान्वयमा ल्याउन पहल गर्न आग्रह गर्दै संघले दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरूलाई अध्ययन, रोजगारी, खेलकुद तथा अन्य माध्यमबाट नेपालसँग आबद्ध गराउनका लागि आवश्यक व्यवस्था र उनीहरूलाई नेपाली भाषाको ज्ञान दिन पाठ्यपुस्तकको प्रबन्धका साथै अन्य सिकाईका कार्यक्रमको व्यवस्था गर्नसमेत अनुरोध गरेको छ।

> दैनिक रुपमा १५ सयका दरले बैदेशिक रोजगारमा जाने युबाहरू अधिकांश अदक्ष कामदार हुने भएकोले नेपाली युबाहरुलाई सक्षम तथा दक्ष बनाउने कार्यक्रम तथा नीति सातै प्रदेशमा यथासक्दो छिटो शुरु गर्न संघले माग राखेको छ।

त्यसैगरी संघले वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको ज्ञान, सीप, पूँजीलाई स्थानीय तहमार्फत परिचालन तथा नीतिगत रुपमा सहयोग उपलब्ध गराउन, विदेशमा रहेका नेपालीहरूलाई नेपालको पर्यटन प्रवर्धनमा सहभागी गराउने उद्देश्यले एनआरएन सप्ताह आयोजना गर्नका लागि सहयोग गर्न पनि आग्रह गरेको छ।

विभिन्न विषयमा विज्ञता हासिल गरी विदेशमा कार्यरत विज्ञ र सरकारका तीनै तहका प्रतिनिधिबीच समृद्ध मुलुक अभियानको लागि ज्ञान सीप आदान-प्रदान कार्यक्रम आयोजना गर्न आग्रह गर्दै संघले भनेको छ -'गैरआवासीय नेपाली लक्षित विप्रेषण तथा लगानीलाई प्रोत्साहन गर्ने खालको कार्यक्रम ल्याउन तथा पुरस्कार र सम्मानको व्यवस्था गर्न आग्रह गर्दछौ।' गैरआवासीय नेपालीहरूलाई पर्यटन दूतमा नियुक्ति गरी नेपालको पर्यटन प्रवर्धनमा सहयोगको लागि प्रोत्साहन गर्न पनि संघले नवनिर्वाचित सांसदहरूसँग माग राखेको छ।

गैरआवासीय नेपाली संघले 'एक पटकको नेपाली सधैँको नेपाली' भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै विश्वका ८५ वटा मुलुकहरूमा राष्ट्रिय समन्वय परिषद् गठन गरी आफ्नो सञ्जाल विस्तार गरिसकेको जानकारी दिदै यस सञ्जालको माध्यमबाट संघले विश्वभरि फैलिएर रहेका नेपालीहरूलाई एकै सुत्रमा बाँध्नुका साथै, नेपालको सामाजिक र आर्थिक रुपान्तरणमा समेत जोड्न सफल भएको जनाएको छ।

# एनआरएनए र पोखरा महानगरपालिकाबीच सार्वजनिक शौचालय तथा चमेना गृह निमार्णको लागि सम्झौता

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले पोखरा महानगरपालिकास्थित महेन्द्र पुलमा अत्याधुनिक स्मार्ट सार्वजनिक शौचालय निमार्ण गर्ने भएको छ। सो शौचालयमा निमार्णको लागि गैरआवासीय नेपाली संघ र पोखरा महानगरपालिकाबीच द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ।

गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष रविना थापाका अनुसार अत्याधुनिक सार्वजनिक शौचालय र चमेना गृह निर्माणका लागि सो सम्झौता गरिएको हो। संघको आर्थिक सहयोगमा सम्पन्न हुने सो परियोजनाको सम्झौतामा संघकी कार्यकारी अध्यक्ष रविना थापा र पोखरा महानगरपालिका प्रमुखबीच हस्ताक्षर भएको छ।

सम्झौतापत्रमा अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण सम्पन्न गरी सकेपछि उपयुक्त ठाउँमा गैरआवासीय नेपाली संघको लोगो सहितको झण्डा राखिने, अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृहको निर्माण सम्पन्न गरी सकेपछि उक्त शौचालय र चमेनागृह महानगरपालिकाले संचालन गर्ने विषय उल्लेख छ।

सम्झौता हस्ताक्षर समारोहमा



एनआरएनए उपाध्यक्ष जयप्रकाश गुरुङ, पोखरा महानगरपालिकाका पदाधिकारीहरू, गैरआवासीय नेपाली संघ युएसएका आजिवन सदस्य तथा अभियान्ता नारायण थापा लगायतको विशेष उपस्थिती थियो। यस कार्यको लागि संघका प्रमुख कार्यकारी अधिकृत र पोखरा नगरपालिकका कार्यालय प्रमुखले समन्वय गर्ने संघले जनाएको छ।

# एनआरएनए उपाध्यक्ष शर्मालाई मातृशोक, विभिन्न संस्थाद्वारा समवेदना प्रकट



गैरआवासीय नेपाली संघ (एनआरएनए), अन्तर्राष्ट्रिय समन्वय परिषदका उपाध्यक्ष राजेन्द्र कुमार शर्मा (आरके)लाई मातृशोक परेको छ। शर्माका माता कुन्ता कुमारी शर्माको उपचारको क्रममा ८३ बर्षको उमेरमा निधन भएको हो।

चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं १६ फुर्तिचोकमा बस्दै आएकी शर्माको माता कुन्ता कुमारी शर्माको चितवन मेडिकल कलेजमा उपचारको क्रममा निधन भएको हो। चितवनमा बिभिन्न सामाजिक संघसंस्थामा आवद्ध स्व. शर्माको एनआरएनएका केन्द्रिय उपाध्यक्ष आरके शर्मा, एनआरएनए कतारका सल्लाहकार युवराज शर्मा, विमल शर्मा, कुलराज शर्मा, लिलाराम शर्मा, छोरीहरू कालिका भट्टराई, रिमकली पौडेल र रेणुका खरेल गरी ८ सन्तान रहेका छन्। यसैबीच मातृशोकमा रहेका शर्मा परिवारलाई गैरआवासीय नेपाली संघलगायत स्वदेश तथा विदेशमा रहेका विभिन्न संघसंस्थाका प्रतिनिधी तथा विभिन्न पेशा-व्यवसायमा रहेका व्यक्तिहरूले चितवन भरतपुरस्थित निवासमा नै पुगेर समवेदना प्रकट गरेका छन।

चितवन जिल्ला भरतपुर-१६ फुर्तिचोकस्थित निवासमानै पुगेर गैरआवासीय नेपाली संघकोतर्फबाट प्रवक्ता सोम सापकोटा, एनआरएनए एनसीसी हङकङकातर्फबाट अध्यक्ष गोकर्ण ढकाल, चितवन सेवा समाज अन्तर्राष्ट्रिय समन्वय समितिकातर्फबाट अध्यक्ष समिर केसी, चितवन सेवा समाज कतारका पूर्वअध्यक्ष भुमिराज कार्की, चितवन सेवा समाजका सल्लाहकार देवेन्द्र सुबेदि र मुक्ति प्रसाद अधिकारी, समृद्ध चितवन अभियानका संयोजक तारा पौडेल, गोरखा सेवा समाज कतारका महासचिब बिकास श्रेष्ठ, रोजगार मिडियाका प्रबन्ध निर्देशक उद्धब भट्टराई, प्रबास खबर डट कमका अध्यक्ष बिनेश खनाल, पूर्व एआईजी विज्ञान राज शर्मालगायतले सयुक्त श्रद्धाञ्जली कार्यक्रम गरेर मृत आत्माको चिर शान्तिको कामनासहित परिवारजनप्रति समवेदना प्रकट गरेका हुन्।

एनआरएनए उपाध्यक्ष शर्मा नेपाली व्यवसायी संघ कतारका उपाध्यक्ष, चितवन सेवा समाज अन्तर्राष्ट्रिय समन्वय समितिका प्रमुख सल्लाहकारसमेत हुन भने युवराज शर्मा एनआरएनए कतारका सल्लाहकार हुन। एनआरएन अभियानलगायत प्रवासमा सामाजिक कार्यमा सक्रिय शर्माले स्वदेशमासमेत विभिन्न सामाजिक काम गरिरहेका छन। उनको परिवारसमेत स्थानीय स्तरमा सामाजिक कार्यमा सक्रिय छ।





# एनआरएनएले भेट्यो उपप्रधानमन्त्रीद्वय पौडेल र लामिछानेलाई





गैरआवासीय नेपाली संघ (विनोद कुँवर समुह)ले नवनियुक्त उपप्रधान मन्त्रीद्वयसँग भेटवार्ता गरको छ। उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई संघका अध्यक्ष विनोद कुँवर नेतृत्वको प्रतिनिधी मण्डलले भेटवार्ता गरेको हो।

संघका अध्यक्ष विनोद कुँवरसहितको समुहले अर्थमन्त्री पौडेललाई भेटेर सफल कार्यकालको बधाई दिदै एनआरएनहरूले उठाउँदै आएका मुद्धालाई समाधान गर्न र एनआरएनहरूका मागलाई सम्वोधन गर्नका लागि ज्ञापनपत्र बुझाएको छ। नेपालमा लगानीको वातावरण बनाउन र एनआरएनहरूको लगानी सहजै स्वदेशमा ल्याउन तथा सुरक्षाको ग्यारेन्टी दिलाउन सरकार समक्ष ज्ञापनपत्र बुझाएको अध्यक्ष कुँवरले बताए।

सो अवसरमा मन्त्री पौडेलले एनआरएनहरूप्रति देशले धेरै आशा गरेको हुँदा देशमा लगानी भित्र्याउनका लागि सरकारले सहज वातावरण बनाउने र एनआरएनहरूका मागलाई सम्वोधन गर्ने बताएका थिए।

यस्तै कुँवर समूहले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई पनि भेटेर बधाई तथा एनआरएनएकोतर्फबाट ज्ञापनपत्र बुझाएको छ। सो अवसरमा  एनआरएनहरूले लामो समयदेखि उठाउँदै आएको नागरिकताको निरन्तरताको विषयमा गृहमन्त्रीको ध्यानाकर्षण गराउँदै एनआरएनहरूका मागलाई संवोधन गर्न अनुरोध गरेको अध्यक्ष कुँवरले बताए।

मन्त्री लामिछानेले आफु भर्खरै मन्त्रालय आएको हुँदा सबै जायज मागलाई सम्वोधन गर्नेगरी एनआरएनएसँग केही दिनमा छुट्टै छलफल गर्ने बताए।

# नेपाली सोसल क्लब ओमानले गर्‍यो महोत्तरीको विद्यालयलाई सहयोग

गैरआवासीय नेपाली संघको 'एनसीसी एक परियोजना' अन्तर्गत गैरआवासीय नेपाली सोसल क्लब ओमानले महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिका-६ स्थित श्री माध्यमिक गोनारापुरालाई प्रबिधि मैत्री शिक्षाका लागि सहयोग हस्तान्तरण गरेको छ।

एनसीसी ओमानले उक्त विद्यालयलाई २ लाख १५ हजार रुपैया लागतको ४ थान कम्प्युटर, प्रिन्टर तथा इन्भर्टर सहयोग गरेको हो। बिद्यालयमा लगभग १३० जना बिद्यार्थीहरूले ऐच्छिक कम्प्युटर बिषय लिएर पठनपाठन गरिरहेकोमा प्रयाप्त कम्प्युटर नहुँदा प्राक्टिकल गर्न असहजता भइरहेको विद्यालयले जनाएको थियो।

गैरआवासीय नेपाली सोसल क्लब ओमानका अध्यक्ष विकल झाले बिद्यालयको स्थलगत भ्रमण गरि केन्द्रिय बैठकमा छलफल गरेर सहयोग गर्ने निर्णय गरेका थिए। बिद्यालयमा एक कार्यक्रम आयोजना गरि कम्प्युटर, प्रिन्टर र इन्भर्टर सहयोग गरिएको एनसीसी ओमानले जनाएको छ।



सो अवसरमा विद्यालयले गैरआवासीय नेपाली सोसल क्लब ओमानलाई सहयोग गरेकोमा धन्यवाद व्यक्त गरेको छ। कार्यक्रममा बिद्यार्थी, शिक्षक, प्रधानाध्यापक, बिद्यालय व्यावस्थापन समितिका पदाधिकारीहरू, गैरआवासीय नेपाली सोसल क्लब ओमानका प्रतिनिधि तथा गैरआवासीय नेपाली संघका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

# हङकङमा **‘हिमालयज क्राफ्ट’**को दोश्रो बिक्री शाखा विस्तार





• रवि रोषी

नेपाली हस्तकला सामाग्रीको उत्पादन तथा बिक्रिवितरण गर्दै आएको हिमालयज क्राफ्टले हङकङमा आफ्नो दोश्रो विक्री शाखा विस्तार गरेको छ। युवा व्यवसायी आकाश बन्जाराले हङकङलाई व्यापारिक पैठारी केन्द्र बनाएर विगत १२ वर्षदेखि नेपाली हस्तकला सामाग्रीको व्यवसायिक उत्पादनसहित व्यापार गरिरहेका छन्।

बन्जाराले गाँजाको डाँठको रेशाबाट तयार पारिएको बहुमूल्य कपडाहरू, विभिन्न प्राग आकृति कपडाहरू, ध्वनि चिकित्सामा प्रयोग गरिने सिंगीङ बाउल, काष्ठकलाका विभिन्न सामाग्रीहरू, धातुका बहुमूल्य मूर्तिहरू, क्रिस्टलका किमती कलात्मक बस्तुहरू, केमिकलरहित वास्नादार धूपहरू, चित्रकला, प्रस्तरकला लगायतका नेपाली उत्पादित वस्तुहरू विदेशमा बिक्रिवितरण गर्दै आएका छन्।

विदेशी बजारमा यी बस्तुको अत्याधिक मागलाई मध्यनजर गर्दै चिनको गोन्जाओ, भियतनामको हनोइ, अमेरिका लगायत ५ देशमा बजार विस्तारको तयारी भैरहेको पनि बन्जाराले बताए। एनआरएनए हङकङका अध्यक्ष गोकर्ण प्रसाद ढकालसँगको सहकार्यमा स्वदेशी उत्पादनहरूलाई विश्व बजारमा पहुँच स्थापित गर्न लागिपरेको युवा उद्यमी बन्जाराको भनाई छ। नेपाली युवा उद्यमी महासंघ हङकङका अध्यक्षसमेत रहेका बन्जाराले नेपालमा नै कलात्मक काष्ठकला लगायत विभिन्न वस्तुहरूको उत्पादन गर्ने कारखाना संचालनमा ल्याएर नियमित रुपमा १४५ जनालाई नेपालमै रोजगार दिदै आएका छन्।

हङकङका सफल नेपाली व्यवसायी बन्जाराले नेपालका विभिन्न उत्पीडित विपन्न टुहुरा बालबालिकाका लागि आवासीय सुविधासहितको पूर्ण शिक्षाको लागि थुप्रैलाई सहायता पनि गर्दै आएका छन्।

# अनेसास सम्मेलन बोस्टनमा हुने

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)ले आगामी मार्च १०-१२ मा पाँचौं च्याप्टर र महिला सम्मेलन गर्ने भएको छ।

प्रत्येक दुई वर्षमा हुने यो सम्मेलन गत कार्यकालमा कोरोनाको कारण जुमबाट गरिएको थियो। कार्यक्रमका लागि होलीडे-इन होटल बुक गरिएको छ भने कार्यक्रम नेपाली कम्युनिटी भवनमा गरिने बताइएको छ।

तीन दिने कार्यक्रममा अनेसासका च्याप्टरका प्रतिनिधिहरू र महिला साहित्यकारको सहभागिता रहने छ। प्रथम च्याप्टर सम्मेलन २०१६ मा क्यालिफोर्नियामा आयोजना गरिएको थियो भने न्यूयोर्कमा महिला सम्मेलन गरिएको थियो। यसपटक दुईवटा सम्मेलन एकैपटक गर्न लागिएको हो।




सहभागिताको लागि च्याप्टरहरूलाई पत्राचार गरिसकिएको अनेसास महासचिव विमला निरौलाले बताइन्। च्याप्टर सम्मेलनको लागि अनेसास बोस्टन च्याप्टर अध्यक्ष दीपा राई पुनको संयोजकत्वमा समिति गठन भइसकेको छ। महिला सम्मेलनको लागि महिला समिति संयोजक अनेसास नेपाल च्याप्टर अध्यक्ष सन्ध्या पहाडीले संयोजन गरिरहेको आयोजकले बताएका छन्।

कार्यक्रमका च्याप्टरका गतिविधिहरू र महिला साहित्यकारका बारेमा कार्यपत्र प्रस्तुत र विश्वकाव्य गोष्ठी गरिने छ।

# कतारमा नेपाली व्यवसायीको टिमले संचालनमा ल्यायो 'हेरमोसा ब्युटी सेन्टर'




कतारमा नेपाली व्यवसायीको लगानीमा 'हेरमोसा ब्युटी सेन्टर' संचालनमा आएको छ। अल अस्मख मल कतारमा नया वर्ष २०२३ को जनवरी १ देखि संचालनमा ल्याइएको उक्त ब्युटी सेन्टरमा नेपालीलाई बिशेष छुटको ब्यवस्था रहेको संचालकहरूले बताएका छन्।

कतारमा रहेका नेपाली ब्यवसायी पुर्ण बहादुर पोखरिया र राकेश श्रेष्ठले कतारको अल सादमा रहेको अल अस्मख मलमा लेडिज सैलुन हेरमोसा ब्युटी सेन्टरको सुरुवात गरेका हुन्। उक्त ब्युटी सेन्टरको उद्घाटन कतारी नागरिक अली मुबारक र संचालकद्वयले गरेका थिए।

अल अस्मख मलको बेसमेन्टमा रहेको हेरमोसा ब्युटी सेन्टरमा मेकअप र सुन्दरतासँग जोडिएका सबै कार्य गरिने संचालकहरूले जानकारी दिएका छन्। यसरी ठूलो लगानीमा कतारको मलमा नेपालीहरूबाट खोलिएको यो पहिलो ब्युटी ब्यवसाय रहेको बताइएको छ।

गैरआवासीय नेपाली संघका आईसीसी सदस्य, नेपाली ब्यवसायी संघ कतारका सचिव, अन्तराष्ट्रिय नेपाली युवा उद्यमी महासंघ मध्यपूर्वका अध्यक्षसमेत रहेका पोखरिया कतारमा सफल ब्यवसायी मानिन्छन्।

उक्त ब्युटी सेन्टरको शुभारम्भ कार्यक्रममा उपस्थित सबैलाई हार्दिक धन्यवाद दिँदै संचालक पोखरियाले उदघाटनको अवसरमा ४० प्रतिशत छुटको ब्यवस्था रहेकाले समयमै यसको फाइदा उठाउन अनुरोध गरेका छन्। लमजुङ्मा जन्मिएका पुर्ण पोखरिया र गोर्खा स्थायी घर भएका राकेश श्रेष्ठले सञ्चालनमा ल्याएको उक्त ब्युटी सेन्टरको उद्घाटन कार्यक्रममा कतारमा रहेका विभिन्न संघ संस्थाका पदाधिकारी, सामाजिक व्यक्तित्वहरू तथा कतारमा रहेका नेपालीहरूको बाक्लो उपस्थित रहेको थियो।

# नेपाली व्यवासायी संघ कतारको सल्लाहकारमा अलिमिया र भट्टराई मनोनित

कतारमा व्यवसाय गर्दै आएका नेपाली व्यवसायीहरूको साझा संस्था नेपाली व्यवसायी संघ कतारले दुई सल्लाहकार मनोनीत गरेको छ। संघको बैठकले संघको कानुनी सल्लाहकारमा प्रो. रमजान बाबु अलिमिया र सल्लाहकारमा इन्जिनियर अर्जुन भट्टराईलाई मनोनित गरेको हो।

कतारमा कानुनीरूपमा दर्ता भएको व्यवसायी संघले आफ्नो गतिविधिलाई थप प्रभावकारी बनाउन कतारमा राम्रो अनुभव भएका व्यक्तित्वलाई सल्लाहकार मनोनीत गरेको संघका अध्यक्ष महेन्द्र चौलागाईंले बताए।

संघले भर्खरै नेपाल सरकारसँग त्रीपक्षीय सम्झौता गरेर नेपाल र कतारबीचको सम्बन्ध बिस्तार गर्ने र संघका सदस्यलाई बिमानस्थलमा



सहजीकरण गर्ने वातावरण बनाएको छ।

'कतारको नेपाली समुदाय र कतारमा योगदान दिनु भएका व्यक्तित्वलाई सल्लाहकार मनोनित गर्दा संघलाई आवश्यक सल्लाह र सुझाव प्राप्त हुनेछ भन्ने अपेक्षा लिएका छौं' अध्यक्ष चौलागाईंले बताए। बैठकमा भर्खरै नेपाल सरकारसँग भएको सम्झौताका बिषयमा आफ्ना सदस्यलाई जानकारी गराएको र भावी कार्यक्रमका बारे छलफल भएको अध्यक्ष चौलागाईंले जानकारी दिए।




रोजगार
एनआरएन
अर्थ
लगायतका गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com




# कुमारी र एनसीसी बैंकको एकीकृत कारोबार सुरू

कुमारी बैंक र नेपाल क्रेडिट एण्ड कमर्स (एनसीसी) बैंकले एकीकृत कारोबार सुरू गरेका छन् । दुबै बैंक एकआपसमा गाभिएपछि कुमारी बैंककै नामबाट एकीकृत कारोबार सुरू भएको हो । गत मङ्सिर २५ गते दुवै बैंकले छुट्टाछुट्टै विशेष साधारणसभामार्फत एकआपसमा गाभिने प्रस्ताव पारित गरेका थिए भने नेपाल राष्ट्र बैंकले पुस ६ गते एकआपसमा गाभिन दुबै बैंकलाई अन्तिम स्वीकृति दिएको थियो ।

दुबै बैंक एक बराबर एक स्वाप रेसियोमा गाभिएका हुन् । एकीकृत कारोबारपछि बैंकको प्रमुख कार्यकारी अधिकृत एनसीसी बैंकका रमेशराज अर्याल बनेका छन भने कुमारी बैंकका रामचन्द्र खनाल वरिष्ठ प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारीमा छन ।

एकीकृत कारोबार पश्चात् बैंकको चुक्ता पुँजी रु २६ अर्ब २३ करोड, कूल निक्षेप रु तीन खर्ब दुई अर्ब र कर्जा रु दुई खर्ब ८० अर्ब पुग्नेछ । गाभिएपश्चात् बैंकको शाखा संख्या ३ सय ६, एटिएम संख्या ३ सय ४४, एक्स्टेन्सन काउन्टर ४७ र शाखारहित शाखा ६२ वटा पुग्नेछन् । मर्जरपछि कुमारी बैंकको नयाँ सञ्चालक समितिको अध्यक्षमा अमिरप्रताप राणा तथा सञ्चालकहरूमा एनसीसी बैंकका पूर्वअध्यक्ष चन्द्र बास्तोला तथा इमानसिङ लामा र कुमारी बैंकका कृष्णप्रसाद ज्ञवाली तथा महेश पोखरेल रहेका छन् ।

# ग्लोबल आइएमई बैंकका ८ नयाँ शाखारहित बैंकिङ सेवा सञ्चालनमा

ग्लोबल आइएमई बैंक लिमिटेडले ८ वटा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ । बैंकले धनुषा जिल्लाको धनुषाधाम नगरपालिका-९,महोत्तरी जिल्लाको मनरा शिसवा नगरपालिका-१, गुल्मी जिल्लाको मुसिकोट नगरपालिका-४ र २, उदयपुर जिल्लाको कटारी नगरपालिका-२, अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिका-६, कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका-९, कैलाली जिल्लाको चुहा नगरपालिका-७ मा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको हो ।

यी शाखारहित बैंकिङ्ग सेवा संचालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ्ग सेवा संख्या २८३ पुगेको छ । शाखारहित बैंकिङ्ग सेवाबाट स्थानीय बासिन्दाले स्थानीय प्रतिनिधि मार्फत बैंकिङ्ग सेवा लिन सक्नेछन् । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमा सम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको ब्याज भुक्तानी गर्ने, डिसहोम, सीडीएमए, युटीएल तथा एनटीसीको महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवा लिन सकिने बैंकले जनाएको छ ।




ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले देशका ७७ वटै जिल्लामा २९२ शाखा सञ्जाल तथा ३ अन्तर्राष्ट्रिय सम्पर्क कार्यालयसहित ९०० भन्दा बढि सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

# जिएमई रेमिटको ब्राण्ड एम्बेसडरमा सागर लम्साल




विश्वका विभिन्न मुलुकबाट स्वदेशमा रेमिट्यान्स भित्र्याउदै आएको जिएमई रेमिटले कलाकार सागर लम्साल (बले)लाई आफ्नो ब्राण्ड एम्बेसडरमा नियुक्त गरेको छ। जि.एम.इ. रेमिट प्रा.लि.को केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा सोसम्बन्धी सम्झौतापत्रमा जिएमईको तर्फबाट प्रबन्ध निर्देशक दिवाकर पौडेल तथा कलाकार लम्साललले हस्ताक्षर गरेका छन् ।

सम्झौतापत्रमा हस्ताक्षर गर्दै जिएमईका प्रबन्ध निर्देशक दिवाकर पौडेलले सागर लम्साललाई ब्राण्ड एम्बेसडर नियुक्त गर्न पाउँदा खुसी महशुस गरेको र कम्पनीको प्रवर्द्धन हुने विश्वास लिएको बताए ।

कम समयमै थप आकर्षणसहित उपलब्ध भइरहने कम्पनीका विभिन्न सेवा सुविधाहरूका बारेमा आम जनतालाई समयमै सुसूचित गराउन ब्राण्ड एम्बेसडरहरूको भूमिका सहयोगी हुने विश्वास लिएको जिएमईका प्रमुख व्यवसाय अधिकृत बद्री कटवालले उल्लेख गरे ।

कलाकार सागर लम्साल 'बले' पात्रबाट चर्चित छन। उनी अहिलेको चर्चित हाँस्य टेलिश्रृखंला सक्किगोनीमा प्रमुख पात्रको रुपमा अभिनय गर्छन। करिब १० बर्षदेखि उनी कलाकारिता क्षेत्रमा सक्रिय छन। टेलिसिरियल बाहेक म्युजिक भिडियोमा पनि उनी उत्तिकै रुचाइएका कलाकार हुन।

जिएमई रेमिटले बिगत १० वर्षदेखि रेमिट्यान्स सेवा दिदैं आएको छ। देशभर करिब २० हजार एजेन्टमार्फत रकम भुक्तानी सेवा प्रदान गर्दै आएको जनाउदै जिएमईले तत्काल भुक्तानी लिन मिल्ने गरी जुन सुकै बैंक तथा बित्तीय संस्थामा पनि रकम जम्मा गर्ने सुबिधा रहेको जनाएको छ।

हाल जिएमई रेमिटले विश्वका बिभिन्न मुलुकहरूबाट रेमिट्यान्स कारोबार गर्दै आइरहेको छ र जिएमई रेमिटले विप्रेषण क्षेत्रमा छोटो समयमा नै आफ्नो छुट्टै पहिचान बनाई सफलता हाँसिल गर्न सफल भएको छ।

# आइएमई डिजिटलको प्रमुख कार्यकारी अधिकृतमा **प्रवीण रेग्मी नियुक्त**



आइएमई ग्रुपद्वारा सञ्चालित आइएमई डिजिटल सोलुसन लिमिटेड (आइएमई पे) को प्रमुख कार्यकारी अधिकृतमा प्रवीण रेग्मी नियुक्त भएका छन् ।

काठमाडौं पानीपोखरीस्थित आइएमई कम्प्लेक्सको टाउन हलमा नवनियुक्त प्रमुख कार्यकारी अधिकृतको स्वागतका लागि एक विशेष कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा आइएमई डिजिटल सोलुसन लिमिटेड (आइएमई पे) का अध्यक्ष एवम् ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकालले रेग्मीलाई स्वागत गरे ।

स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले रेग्मीको नेतृत्वसँगै कम्पनीले नयाँ उचाई प्राप्त गर्ने विश्वास व्यक्त गरे । स्वागत कार्यक्रममा ग्रुपका सिनियर भाइस प्रेसिडेन्ट सुमन पोखरेलसहित ग्रुपमा कार्यरत उच्चपदस्थ कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# **बैंकर्स संघ**को सदस्यमा कोइराला र दे दोहोरिए




नेपाल बैंकर्स संघको कार्यसमिति सदस्यमा माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइराला र नेपाल एसबीआई बैंकका प्रमुख कार्यकारी अधिकृत दिपककुमार दे दोहोरिने भएका छन् । वर्तमान कार्यसमितिमा रहेका कोइराला र देको कार्यकाल सकिँदैछ। यस्तै मेगा बैंकले अनुपमा खुञ्जेलीको कार्यकाल नदोहोऱ्याएपछि रिक्त रहन पुगेको अर्को सदस्य पदमा एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङलाई चयन गर्ने भएको छ। खालिङ यसअघि पनि संघको कार्यकारी सदस्य थिए।

९ सदस्यीय कार्यसमिति रहेको बैंकर्स संघको अध्यक्षमा कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकुमार उपाध्याय रहेका छन् भने उपाध्यक्षमा एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत सुनील केसी छन् ।

# प्रभु बैंकको २१औं वार्षिक साधारण सभा सम्पन्न




प्रभु बैंक लिमिटेडको २१औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। बैंकको सञ्चालक समितिका अध्यक्ष लीला प्रकाश सिटौलाको अध्यक्षतामा सम्पन्न वार्षिक साधारणसभाले सञ्चालक समितिको प्रतिवेदनसहित गत आ.व. ०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अनुसूचीहरू पारित गरेको हो।

बैंकको साधारण सभाले बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको गत आ.व. २०७८/०७९ को एकीकृत वित्तीय विवरण पनि पारित गरेको छ। बैंकको साधारण सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत सामान्य तथा विशेष प्रस्तावहरू पारित गर्दै बैंकले गत आ.व. २०७८/७९ को मुनाफाबाट गत आ.व. २०७८/०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ६.५० प्रतिशत बोनश शेयर र बोनश शेयर तथा नगद लाभांसमा लाग्ने कर समेतका लागि १.५० प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय पारित गरेको छ।

वार्षिक साधारण सभाले सेञ्चुरी कमर्सियल बैंकको १०० कित्ता शेयर बराबर प्रभु बैंकको १०० कित्ता शेयर प्रदान गर्ने गरी उक्त बैंकलाई प्राप्ति (एक्विजिशन) गर्ने संयुक्त मर्जर समितिले गरेको अन्तिम सम्झौतालाई सर्वसम्मतिबाट पारित/अनुमोदन पनि गरेको छ। यस्तै बैंकको अधिकृत पूँजी वृद्धि गरी २४ अर्ब रुपैयाँ कायम गर्ने निर्णय पनि गरेको छ।

यस्तै साधारण सभाले ६.५० प्रतिशत बोनश शेयर वितरण गर्ने निर्णय पारित गरे पश्चात् बैंकको चुक्ता पूँजी रु. १३ अर्ब ५३ करोड ४७ लाख ६९ हजार ९ सय ४६ रुपैयाँ पुगेको छ।

# क्यानमा रणजित पोदारको अध्यक्षतामा नयाँ कार्यसमिति चयन




कम्प्युटर एसोसिएन नेपाल महासंघ (क्यान)ले  रणजित कुमार पोदारको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। महासंघको २९औं साधारणसभा एवंम १४औं महाधिवेशनले पोदारको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो। नयाँ केन्द्रीय कार्यसमितिका लागि पोदार सर्वसम्मत अध्यक्ष चुनिएका थिए भने अन्य केहि पदमा भने मतदान भएको थियो।

महासंघको वरिष्ठ उपाध्यक्षमा खुशल रेग्मी, उपाध्यक्षमा संस्थागत समूहबाट राजेन्द्रप्रसाद अर्याल, महिला समूहबाट सरिता सिंह, जिल्ला शाखा समूहबाट हर्कबहादुर सेटी र ध्रुवराज शर्मा (सुदिप), महासचिवमा चिरञ्जीवी अधिकारी, कोषाध्यक्षमा नवीन जोशी, सचिवमा सुमनलाल प्रधान (व्यक्तिगत समूह), बुद्धरत्न तुलाधर (संस्थागत समूह), प्रताप सापकोटा (विषयगत समूह) चयन भएका छन् भने जिल्ला शाखा समूहबाट सचिव पदमा भुपालदास श्रेष्ठ, नारायणप्रसाद श्रेष्ठ, भूपेन्द्र मैनाली र कर्णराज पनेरु निर्वाचित भए।

सदस्यहरूमा विश्वराम बलामी, अग्मा मालाकार, सिर्जना श्रेष्ठ, सुभाष खड्का, विक्रम सिंह, दिव्यतारा शाक्य, निरञ्जन पटेल, केशवप्रसाद भट्टराई, हेमपाल श्रेष्ठ, मिना अर्याल, ठाकुरकुमार श्रेष्ठ, उमेश रघुवंशी, दिपक साह, सरिता न्यौपाने, शेखरनाथ दुलाल, सरुना श्रेष्ठ, चिन्तामणि बास्तोला, तुलसीराम पाण्डे, डा. अभिजीत गुप्ता, दिपेन्द्र पौडेल, मनिराज पाण्डे, राम किशोर रावल, राजु कट्टेल, रीना श्रेष्ठ र भानुभक्त शर्मा चयन भएका छन्। यस्तै लेखासमिति संयोजकमा प्रभात श्रेष्ठ तथा लेखासमिति सदस्यद्धयमा हृदयमान श्रेष्ठ र विक्रान्त कार्की चयन भएका छन्।

नवनिर्वाचित अध्यक्ष पोदारले नयाँ कार्यसमितिले सामूहिक भावना लिएर काम गर्ने बताउँदै सूचना प्रविधीको क्षेत्रमा आबद्ध पेशाकर्मी, विद्यार्थी, व्यवसायी तथा सम्बन्धित निकायसँग समन्वय गरी यस क्षेत्रको उल्लेखनीय विकास गर्न महासंघले भूमिका खेल्ने प्रतिवद्वता व्यक्त गरे।




## रञ्जना व्यापार संघको आठौं वार्षिक साधारणसभा

# व्यवसायीका **पीरमर्का** **बुझिदिन सरकार** समक्ष आग्रह

काठमाडौंको न्युरोडस्थित रञ्जना ट्रेड सेन्टरमा व्यवसाय गर्ने साना तथा तथा मझौला व्यवसायीहरूको साझा संस्था रञ्जना व्यापार संघले आफ्नो आठौं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। माडवाडी सेवा समितिको सभा हलमा संघकी अध्यक्ष बिना श्रेष्ठको सभापतित्वमा सम्पन्न साधारणसभामा प्रमुख आतिथ्यता निवर्तमान शिक्षा मन्त्री तथा काठमाडौं क्षेत्र नं ९ बाट निर्वाचित नेपाल कम्युनिष्ट पार्टी एमालेका सांसद कृष्णगोपाल श्रेष्ठको थियो भने विशिष्ट आतिथ्यता रञ्जना व्यापार संघका संस्थापक अध्यक्ष कृष्ण पराजुली र ट्रेडका प्रेसिडेन्ट कालु गुरूङ लगायतको रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै नवनिर्वाचित सांसद कृष्णगोपाल श्रेष्ठले बैंकले बढाएको अस्वभाविक ब्याजदरका कारण व्यवसायीहरू मर्कामा परेकाले व्यवसायीहरूका समस्या र पीर मर्कालाई लिएर अर्थममन्त्री समक्ष समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले विगत लामो समयदेखि नाकाबन्दी, बाढी-पहिरो, कोरोना लगायत विभिन्न महामारीका कारण उत्तरी नाका बन्द हुँदा व्यवसायीहरूले ठूलो क्षति भोग्नुपरिरहेको र समस्या यथावत् रहेको बताउँदै आगामी दिनहरूमा व्यवसायीहरू यस्ता समस्याबाट मुक्त हुने आश्वासन दिए।

नेपाल चेम्बर अफ कमर्शका कार्यकारी सदस्य तथा राजश्व समितिका सभापति पर्शुराम दाहालले आफूले अर्थमन्त्रीलाई भेटेर व्यापारी व्यवसायीहरूका विविध समस्याहरूका बारेमा ध्यानाकर्षण गराएको बताए। व्यवसायीहरूका लागि सरकारी नीति-नियम चुस्त दुरुस्त नहुँदा व्यवसायीहरू सधै मर्कामा पर्नु परेको बताउँदै दाहालले सहज वातावरण बनाई व्यवसायीका समस्या समाधान गर्न सरकार समक्ष आग्रह गरे।

संघकी अध्यक्ष बिना श्रेष्ठले व्यवसायीहरूका समस्याहरू दर्शाउँदै उत्तरी नाका बन्द हुँदा कयौं सामान नाकामा नै अड्किएर व्यवसाय संचालन गर्न नपाउदाँ केही व्यवसायीहरू ऋणको भार थेग्न नसकी आत्महत्याको बाटो समेत रोज्न बाध्य भएको जानकारी दिईन्। उनले व्यवसायीका समस्याहरू समाधान गर्न नवनिर्वाचित सांसदहरूसँग सहकार्य गरेर सम्बन्धित निकायमा आवाज उठाउने प्रतिवद्धता समेत व्यक्त गरिन्।

नेपाल व्यापार महासंघका अध्यक्ष कुमार कार्कीले व्यवसायीहरूको समस्यामा सरकारले चासो नदिएका कारण ती समस्याहरू यथावत् रहेको बताए। केहि समयअघि मात्र बैंकको ब्याजदर ८ प्रतिशत रहेकोमा अहिले बढाएर १५ प्रतिशत बनाउँदा पनि सरकार मौन बसेको भन्दै उनले जबसम्म सरकारले व्यवसायीका समस्याहरू समाधान गर्दैन तबसम्म निरन्तर सरकारको ध्यानाकर्षण गराउन लागिरहने बताए।

नेपाल हिमालय सीमापार वाणिज्य संघका उपाध्यक्ष नयन बहादुर पण्डित क्षेत्रीले विभिन्न महामारीको कारण व्यवसाय नै पलायन हुन लागेको अवस्थामा नेपाल सरकारले खासै चासो नदिदा समस्या उत्पन्न भएको बताउदै उत्तरी नाकालाई सहज बनाउन संघको विगतदेखि नै सक्रिय भुमिका रहेको र दुवै संस्थाको समस्या एउटै भएको हुनाले सरकारको ध्यानाकर्षण गराई समस्या समाधान गर्न पहल गर्ने बताए।

कार्यक्रममा विभिन्न व्यापारी व्यवसायीहरूले विगतदेखि भोग्दै आएका समस्या समाधानका लागि नवनिर्वाचित सांसदको ध्यानाकर्षण गराएका थिए। त्यस्तै कार्यक्रमको अन्त्यमा व्यवसायीहरू तथा विभिन्न संघ-संस्थाबाट आएका प्रतिनिधिहरूलाई मायाको चिनो हस्तान्तरण गरिएको थियो भने केहि समयअघि मात्र रञ्जना ट्रेड सेन्टरमा व्यवसाय गर्दै आएका एक व्यवसायीले आत्महत्या गरेकोले उनको परिवारलाई रञ्जना व्यापार संघको पहलमा ५ लाख रुपैया रकम हस्तान्तरण समेत गरिएको थियो।






# राष्ट्रिय वाणिज्य बैंकको एकै पटक पाँचवटा शाखा संचालनमा

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले एकै पटक पाँच वटा शाखा कार्यालय संचालनमा ल्याएको छ। बैंकले एक नम्बर प्रदेशस्थित शाखा कार्यालय ताप्लेजुङ्ग, शाखा कार्यालय तेह्रथुम, शाखा कार्यालय धुलावारी, मधेस प्रदेशस्थित शाखा कार्यालय मलगंवा र बागमती प्रदेशस्थित शाखा कार्यालय रसुवा संचालनमा ल्याएको हो।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय वाणिज्य बैंकले देशको दूरदराज तथा शहरी क्षेत्रमा शाखा सञ्चालन गरी प्राथमिकताका साथ आम नागरिकमा बैंकिङ्ग सेवा प्रवाह गरिरहेको बताए। बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकाममा सहित २६४ वटा शाखा कार्यालय, ४६ वटा एक्सटेन्सन काउन्टर, २६८ वटा एटिएम र १०२ वटा शाखारहित बैंकिङ्ग रहेको छ।

# थोरै कमाइ !

नमिताले नेपाल आएपछि धेरै थरी कामबारे सोचाई बनाई, तर कुनै काममा मन गरिन। त्यसको कारण एउटै थियो- 'यी काममा कमाइ छैन।' नेपालको पैसाको मुल्य कम भएपछि कसले परिश्रम गर्ने मन बनाउँला।



युवराज नयाँघरे

नमिता लामै समय बसी इजरायल।

त्यहाँ बसुन्जेल पैसाको दुःख भएन। गाउँमा कति धेरै कुरा फेरिएछन्। ऊ आफैलाई पत्यार भएन।

'म त फिनिसमा आएकी नि !'

गएको दशैंमा ऊ नेपाल फर्किदा सबैलाई यसै भन्थी।

आएका दुई तीन महिना त भेटघाटमै ऊ व्यस्त भई। ऊ सानिमालाई भेट्न धरान गई। माइजु भेट्न भेडेटार गई। काका भेट्न भद्रपुरतिर लम्की।

मितीनी आमालाई भेट्न इलाम पनि पुगी।

'बस्ने गरी आउनु है एक हप्तालाई।'

आफ्नै मितिनीले भनेपछि ऊ विराटनगर पनि गई।

एक हप्ता मस्तैले बसी। अनि घर आएर केही कुरा सोच्न थाली।

'आज बजार जाउन फुपु !'

सानी केटीले नमितालाई हातै समातेर भनी।

तर पनि ऊ गइनँ। दिनभरि घाम तापेरै दिन कटाई। साँझतिर भनी -'पर्स रित्तो छ नानु। पछि जाउँला ल....।'

नानीले अँध्यारो मुख लगाई।

जाडो सुरु भइसकेथ्यो। घाम तापेर नमिता योजना बुन्न थाली।

'अब समय कसरी कटाउने ?'

'केही न केही त कमाउनै पर्‍यो। हातमुख जोर्ने उपाय के गर्ने ? लाएर र खाएर मात्र हुँदैन। खर्च गर्ने अनेक बाटाहरू छन्।'

राति ओछ्यानमा ढल्किरहँदा नमिताले सोची -'अब पार्लर खोल्नु पर्ला।'

'यसबाट कमाइ राम्रो हुन्छ रे।'

'आइमाईहरू मेकअप भनेपछि भुतुक्कै हुन्छन्। सिँगारपटारमा जतिपनि खर्च गर्छन्। अब यही पेशा गर्नुपर्ला !'

अर्को दिन बिहानै उसले हिसाब गरी 'यो पार्लरको कमाइले के पो होला र !'

'आँखी भौ मिलाएको, कपाल काटेको, नङ पालिस गरेको, गाजल दलेको पैसाले मेरो खर्चबर्च धान्छ र ? होस् यो पार्लरको धन्धातिर लाग्दिन। अरु नै काम गर्नु पर्ला।'

शुक्रबार ऊ मन्दिरतिर घुम्न गई। उसले ममको अचार र चटनीसँग जिब्रो पड्काएर केही घण्टा भुलाई आफूलाई ।

'म अब मम पसल खोल्छु। प्याक गरेर बजारका अफिस-अफिसमा बेच्छु। धेरै मिहेनत पनि पर्दैन। धेरै काम पनि गर्नु पर्दैन।'

'थोरै खटे पुग्छ। म अब मीठो अचार बनाउने तालिम पनि दिन सक्छु।' ऊसले दिनभरि मम बेचेको सपना देखी।

राति मनमा कुरा खेले -'यो मम बेचेर के पो कमाइ हुन्छ र ?'

'पचास साठी रुप्पे भेला पारेर के पो होला र ? को ग्राहक आउँला भनेर कुरिरहनु पर्ने।'

'आ.. होस्। यो ममको पछाडि लाग्नु ठिक छैन। यस्तो टाकनटुकन कमाइले के पो होला र ?'

अर्को दिन ऊ साथीको घरमा गएकी थिई। सालका पातको टपरीमा उसले मज्जाले मासु चिउरा खान पाई।

'यो टपरी त गज्जबको लाग्यो।'

उसले साथीलाई भनी।

'मलाई त मासु चिउरा भन्दा पनि राम्रो पो लाग्यो यो टपरी। कसरी बनाउने होला है ?' साथीलाई सोधी।

सानै लगानीबाट पनि टपरी उद्योग खोल्न सकिने उसले सुनी। नमिताले राति निर्णय गरी -'अब यो टपरी बनाउने कारखाना खोल्नु पर्ला।'

'अरुले रोजगारी पनि पाउँछन्। गाउँघरमा मान इज्जत पनि पाइने। पैसा खेलाउन पनि पाइने। व्यस्त भईरहन पाइने।'

उसले टपरी उद्योगका लागि कारखाना, मेसिन, बिजुलीबत्ती, सालका पात र खर्चबर्चबारे दिनभरि कुरा मनमा खेलाइरही।

खाना खाएर राति ओछ्यानमा पल्टि। मनको अर्को कुनाबाट प्रश्न ओर्लियो -'कहाँ यो टपरीको पछि लागेको केटी ? इजरायलमा त्यत्रो लाख-लाख बुझियो। अब यो टपरी बेचेर कति पो कमाइ होला र ?'

'छोड्दे यो फुच्चाफुच्चे व्यापार।'

उसको मन एकाएक मोडियो। ऊ अघि सग्ला

टपरी प्याक गरिरहेको थिई । अहिले एकाएक उसले प्याक गरिरहेका टपरीहरू कच्याककुचुक भए ।

ऊ टपरी व्यापार गर्ने धन्दाबाट बाहिर निस्की । मंगलबार बिहानै ऊ बजारको बीचमा रहेको मन्दिरतिर घुम्न गएकी थिई । उसले मन्दिर वरिपरी थुप्रै फूल र मालाका पसलहरू देखी ।

गणेशको पुजा गरेर ऊ फर्किंदै गर्दा ती मालाहरूले मनमनमा ठाउँ पाए । ऊ पसलमा गएर सोधी ।

'यी माला कहाँबाट ल्याएकी जन्तरी ?'

लिम्बुनी जन्तरीले उत्तर दिई -'हामी त फूल पारी इन्डियाबाट ल्याउँछौ । यो गाउँको फूलले थेग्दैन । अनि माला बनाएर थोरै यता बेचिन्छ । धेरै त काठमाडौंतिर पठाइन्छ ।'

'कमाइ राम्रो छ । मलाई फुर्सद नै छैन दिदी ।'

जन्तरीले माला बुन्दै पसलमा व्यापार गरिरहेकी थिई । यो देखेर नमिता पनि खुशी भई ।

साँझ घर पुगेर खाना खाई । अनि यसो ढल्केकी थिई । उसका मनमा पनि कुरा खेल्न थाले ।

'अब दामी दामी माला बुनेर बेचिन्छ । थोरै काम गर्दा पनि हुने रै'छ । काठमाडौं गई रहन पनि पाइने । उता सिलगढी गएर सामान किन्दा रमाइलो पनि हुने ।

यो माला बेच्ने काम थाल्नुपर्ला ।'

ऊ यही कुरा खेलाउँदै घर पुगी ।

आमाले भात पस्किदै गर्दा भनेको सुनी -'निर्मलीले माला बुन्न ल्याएको फूल राम्रोसँग जतन गर्न सकिनछे । सबै कुहिएर फतक्कै भएछन् । एक लाखका फूलजति सबै स्वाहा भएछन् ।'

'लौ यस्तो कमजोर पेशा पो रैछ यो त !' नमिताको मन अर्कै भयो । 'यस्तो भुसिया पेशामा के हात हाल्नु र ! भो, यो काम पनि गर्दिन म त । एउटा माला बेचेर कति पो आउला र ?'

उसले एकाएक मन फेरी ।

'होस्, कहाँ यो माला बेची बस्नु अब । माली कर्म भुसिया भन्छन् । कस्तो-कस्तो कामले पुगेन । अब यो फूलको माला बेचेर के पो आय होला र ?'

नमिताले मन मारी ।



बुधबार ऊ ठूली आमाको घरमा गएकी थिई । आँगनमा मुला सुकाएको देखी ।

सबै मुला धोइधाई गरेर सुकुल, गुन्द्रीहरू र दरीमा फिँजाएको देखिन्थे ।

नमिताले ठुली आमालाई सोधी -'यत्रा मुला किन नि ?'

'अचार बनाउन ।'

'कसले खान्छ र ?'

उसले हतारिएर सोधी ।

'बनाउन सके शहरका मान्छेले खाइहाल्छन् नि !'

ठुली आमाको कुराले ऊ एकाएक खुशी भई । मनमनमा कुरा खेलाउन थाली ।

घर फर्किदा बाटाभरी उसले मनमा कुरा खेलाई -'अब म पनि अचार बनाउने कम्पनी खोल्छु । यो राम्रो काइदा हो ।' गाउँभरिका मुला, साग, तोरी बटुलेर अचार, गुन्द्रुक, सिन्की बनाउने र व्यापार गर्ने सपना बुनिरही ।

'अब अर्को महिनादेखि काम थाल्नुपर्ला ।'

नमिताले अचारको सपना सजाएर घरभित्र पुऱ्याई ।

भात खाँदैगर्दा उसका मनमा नयाँ कुरा फुऱ्यो ।

'हेर केटी यो अचारको पछि नकुद । हैरानको कामतिर लाग्दै नलाग ।'

शनिवार बिहान आमाले उसलाई सल्लाह दिनुभयो- 'छोरी गाउँभरिको दुध बटुलेर दही बनाएर बेच । मोही पारेर ध्यु बेचेपनि हुन्छ ।'

'ध्यू व्यापार राम्रो फस्टाउँछ ।'

आमाले दिएको सल्लाहलाई नमिताले निकै मनन गरी । साँझ पर्दै गएपछि उसले निर्णय गरी- 'ध्यू व्यापारमा धेरै खट्नुपर्छ होला ।'

'होस् यो काम नगरुँ ।'

पाँच दिन अगाडि ऊ माइजुलाई भेट्न गएकी थिई । माइजुले टन्न खसी पालेको उसले देखी ।

नमिताले सबै कुरा माइजुसँग बुझी । अनि मनमनै निर्क्यौल गरी 'यो खसी पालेर बेचविखन गर्दा पो फाइदा होला ।'

उसले घरमा पनि सुनाई । तर मामाले भनेका थिए -'पोहोर खोरेत लागेर गाउँका बाख्रा, वस्तु मरेर सखाप भएथे' यो कुराले उसको मन फर्कियो खसी पाल्ने कुरामा ।

नमिताले कुनै काममा मन गरिन । त्यसको कारण एउटै थियो -'यी काममा कमाइ छैन ।'

नेपालको पैसाको मुल्य कम भएपछि कसले परिश्रम गर्ने मन बनाउँला ।

सुरक्षित र भरपर्दो
वैदेशिक रोजगारीका लागि
हामीलाई सम्झनुहोस ।

Govt. Reg No. 406/060/61



The River Overseas Pvt. Ltd.
Battisputali, KTM, Nepal, Ph: 01-4462431, 4462432
E-mail : theriver@wlink.com.np, www.theriveroverseas.com

# फेरि भेटिइनन् दिदी

गाडि अगाडि बढ्यो। मनभरि अनेक कुरा खेलिरहे। किन देखिन तिनलाई मतदान केन्द्रमा ? किन थिइनन् घरमा ? तिनका बालबच्चा कता गए ? सोध्ने मान्छे पनि कोही थिएनन्।



शम्भु सुस्केरा

नमस्कार दिदी !

म हात जोड्दै उनको नजिक गएँ।

उनको अनुहारमा कुनै प्रतिक्रिया थिएन। न त नमस्कार नै फर्काइन्। मैले एकछिन उनको अनुहारमा हेरेँ। र उनको घरतिर आँखा डुलाएँ। घर के भन्नु भत्किनै लागेको झुप्रो थियो। छानोबाट भाटा झर्नै लागेका, मुस्किलले पुराना खिया लागेका जस्ता अडिएका थिए छानामा।

उनको छेउमा एउटी किशोरी पनि थिइन्। मैले दुबै अनुहारतिर हेरेँ। नमस्कारको प्रतिक्रिया कसैबाट नआएपछि विस्तारै मैले मेरा हात तल झारेँ।

को हो तिमरु ? किन आका ? फुङ्ङ उँडेको उनको अनुहार, रुखोजस्तो तर थकित आवाजमा प्रश्न गरिन्।

उनको प्रस्तुतिले म अलिक हच्केजस्तो भएँ। सायद पहिलोपटक राजनीति र चुनावी अनुभव गर्दै भएर पनि होला असहज जस्तो लागेको। तैपनि सहज मानेर बोले -म फलाना..., फलानो पार्टीको उम्मेद्वार, भोट माग्न आएको, चुनाव चिन्ह फलानो।

एकछिन केही बोलिनन्।

तीस सेकेण्डको आफ्नै मौनता चिर्दै बोलिन् मेरो उपचार गर्न सक्छौ ?

के को उपचार ? मेले सोधेँ। उनी खोक्न थालिन् उनको छेउकी उनकी छोरी होलिन् उनी झुप्रो भित्र छिरिन्।

के हुनु निको नहुने रोग क्यान्सर लाग्यो रे। बाँच्दिनस् भनेका छन्।

मरिन्छ भन्ने पनि थाहा छ तर सहज छ जवाफ। सायद आँसु सकिए होला, पीडा जीवितै छ अनुहार र आवाजमा।

भित्रबाट छोरी स्टीलको गिलासमा पानी बोकेर आइन् र तिनलाई दिइन् उनले घटघटी पिइन्।

मेरो टिमका एकजना साथी पनि आइपुगे र भने भयो हिंड जाऔँ। उनले खास कुरा सुन्न पाएका थिएनन्। तपाईहरू जाँदै गर्नुस् म आउँछु भनेँ। र म केहीबेर त्यहीँ रहेँ।

भोट माग्न हिंडेको यति लामो गफिएर हुन्छ ? फतफताउँदै हिंडे तिनी।

को हुन् यी नानी ? मैले किशोरीतिर हेर्दै सोधेँ ती दिदीलाई।

छोरी हो। ठूली छोरी।

अरु ?

एउटीको विहे भयो। छोरो एउटा छ ५ मा पढ्छ।

श्रीमान् ? मैले सोधेँ।

१० वर्ष भयो विदेश गएको फर्केर आएन। जिउँदो छ की मरेको छ थाहा छैन।

म केही बेर चुप लागेँ सायद बोल्ने कुरा केही थिएन। भोट माग्न आएको कुरा पनि बिर्से जस्तो भयो।

उनैले थपिन -'धेरैलाई भोट दिइयो, केही लछारेनन्। अब त के का लागि दिनु र भोट ?

जसले मेरो उपचार गर्छ उसैलाई दिन्छु भोट।'

उनको अनुहारमा हेरिरहने आँट आएन। के भन्नु के नभन्नु। केही नबोली निस्केर जानु ? म पो समाधानविहिन भएँ।

ठ्याक्कै कुरा आयो मनमा। तपाई र मजस्ता सामान्य मान्छेलाई आज कुनै ठूलै रोग लाग्यो भने यी यस्तै हुन्छ। आफूसँग सम्पति हुँदैन सरकारले उपचार गर्दैन। अब तपाई हाम्रा सन्ततिको यस्तो हालत नहोस् भन्नका लागि पनि हामीजस्ता नयाँ राजनीतिक शक्तिलाई भोट हाल्नुपर्ने भो दिदी !

मैले नजानिँदो गरी मेरो चुनावी स्वास्थ्य योजना सुनाएँ।

धेरै भयो यस्तै सुन्दै आकी।

मलाई उपेक्षा गर्दै उठेर भित्र छिरिन्। एकछिन उभिएँ र म पनि गएँ।

यही र यस्तै अवस्थाका नेपालीका लागि त राजनीति रोजेँ मैले। थाहा छैन राजनीतिले मलाई रोज्छ की रोज्दैन। मतदाताले मलाई चुन्छन् की चुन्दैनन्। मैले यी र यस्ता नेपालीका लागि उपायको कानुन बनाउने अवसर पाउँछु की पाउँदिन ?

मनभरि कुरा खेलाउँदै अगाडि बढेँ । अर्को घरमा छिर्न पनि मन लागेन ।

अलिक जोशिलो हुनुस् न यार । उम्मेद्वारजस्तो देखिनु । चर्किंदै आए साथी ।

रिस पनि उठ्यो साथीको कुरा सुनेर । समवेदनाविहिन मान्छे । मनले यसो भन्यो मुख बोलेन् । उनीहरूको पछि लागेँ घरघर हात जोड्दै कृतिम मुस्कुराउँदै ।

जता गए पनि दिल खुस पारेर भन्थे मान्छेहरू यसपाली त पुरानालाई भोट नदिने । तँलाई नै दिने । तिनै दिदीलाई सम्झिन्थेँ । जिते त दिदी तिमी र तिमीजस्ता आम मान्छेकै लागि के सक्छु गर्छु । जसअपजस तिम्रै कर्म ।

मंसिर ४ गते पनि आयो ।

बेलैमा आफ्नो मतदान केन्द्रबाट भोट दिएँ । सकेसम्म सबै मतदान केन्द्र पुग्ने योजना थियो । ३ जनाको टिम बोकेर अघि बढेँ म । ती दिदीले भोट दिने मतदान केन्द्र पुगेपछि झसङ्ग तिनै दिदी यादमा आइन् ।

चालक भाइले गाडि रोके । म मतदान केन्द्रभित्र छिरेँ । महिलाको लाइनमा उनलाई निकैबेर खोजे मेरा आँखाहरूले ।

मनमा लाग्दै थियो -लाखौँ रकम उपचार खर्च कुन उम्मेद्वारले देलान् । टोलटोलमा लाखौँ रकम बाँडे रे । व्यक्तिपिच्छे रसपानका लागि रकम बाँड्नु भन्दा बरु तिनै दिदीलाई एकमुष्ट दिएका भए पुन्य हुन्थ्यो ।



भोट किनेर जित्नु वा हार्नु दुबै अपराध हो ।

दिदी मतदान केन्द्रमा देखिइनन् । उनको घरतिर गाडि मोड्यौँ ।

आफ्ना सन्तानले आफूलेजस्तो जिउँदै मर्नु नपरोस् भन्ने कुन आमाबाले सोच्दैन र ? मेरा कुराले हामीप्रति केही आश त गरिन् तिनले । पक्कै भोट मलाई नै दिइन् । अरुप्रति त उनको आश मरिसकेको थियो ।

यस्तो सोच्दै गर्दा उनको घर अगाडि पुग्यौँ ।

गाडि रोकियो । म मात्रै उत्रिएँ र उनको झुप्रोनेर गएँ । कोही थिएन घरमा । ढोका खुल्लै थियो । यसो भित्र चिहाएर हेरेँ । कोही देखीएन । घरमा ताला नलगाई कता गइन् । टाढा त पक्कै गएकी छैनन् ।

अलि पर्तिर रहेको अर्को झुप्रोमा गएँ त्यहाँको ढोकामा ताला लगाएको थियो ।

दिदीको घरको ढोकामा ताला पनि थिएन । बालबच्चा पनि कोही थिएनन् । किन यस्तो ?

मनमा प्रश्न बोकेर फर्के र गाडि चढेँ । गाडि अगाडि बढ्यो । मनभरि अनेक कुरा खेलिरहे । किन देखिन तिनलाई मतदान केन्द्रमा ? किन थिइनन् घरमा ? तिनका बालबच्चा कता गए ? सोध्ने मान्छे पनि कोही थिएनन् ।

भोलि स्कुटर चढेर फेरि आउनेछु । मनमनै आफैसँग बाचा गरेँ ।




# मलेसियामा ‘रिमिक्स धमाका’ हुँदै




चाइनिज नयाँ वर्षको अवसर पारेर मलेसियाका विभिन्न शहरमा ‘रिमिक्स धमाका’ सांगीतिक कार्यक्रम आयोजना हुने भएको छ। ख्यातीप्राप्त नेपाली कलाकारहरूको प्रस्तुती रहने उक्त कार्यक्रम जनवरी २२, २३ र २४ गते हुने मलेसियाका व्यवसायीसमेत रहेका कार्यक्रमका संयोजक राजेश श्रेष्ठले जानकारी दिए।

जिरो माइलको आयोजनामा हुन गैरहेको रिमिक्स धमाकाको १४ औ संस्करण अन्तर्गत जनवरी २२ मा बाटुपहटको एसकेजे चाइनिज स्कुलमा, जनवरी २३ मा सेमरल्याङ जेभीको जलन जोहरमा र जनवरी २४ मा क्वालालाम्पुरस्थित होटल ग्रयाण्ड कन्टिनेन्टलमा हुने संयोजक श्रेष्ठले जानकारी दिए।

‘रिमिक्स धमाका-१४ मलेसिया २०२३’ मा ख्यातीप्राप्त गायक-गायीकाहरू आनन्द कार्की, खेम सेञ्चुरी, प्रीति आलेमगर तथा डान्सर अन्जली अधिकारी र प्रिती पासवानको धमाकेदार प्रस्तुती रहने श्रेष्ठले बताए।

विगत धेरै वर्षदेखि हरेक वर्ष रिमिक्स धमाका कार्यक्रम आयोजना गर्दै आएको जिरो माइलले चाइनिज नयाँ वर्षको अवसर पारेर मलेसियामा रहेका नेपाली श्रमिक तथा विभिन्न पेशा-व्यवसायमा संलग्न नेपालीहरूलाई मनोरञ्जनका अलवा भेटघाट र सुखदुःख साटासाटको अवसर जुराउन तथा नेपाली कलाकारहरूलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन रिमिक्स धमाका कार्यक्रम गर्दै आएको जनाएको छ।

रिमिक्स धमाकाको टिकट प्रभु पेमार्फत पनि किन्न सकिने जानकारी दिदै संयोजक श्रेष्ठले मलेसियामा रहेका सम्पूर्ण नेपालीलाई कार्यक्रममा सहभागिताका लागि अनुरोध गरेका छन्।

‘मलेसियामा रहनुभएका सम्पूर्ण नेपालीलाई रिमिक्स धमाका कार्यक्रम नछुटाउन आग्रह गर्दछौ, यदि कोही टिकट काटन नसक्ने नेपाली भए हामी उहाँहरूलाई निःशुल्क प्रवेशको प्रवन्ध मिलाउने छौ’ संयोजक श्रेष्ठले भने -‘हामीले नोक्सानमै भएपनि हरेक वर्ष यो कार्यक्रमलाई निरन्तरता दिइरहेका छौ, कार्यक्रमलाई स्तरीय बनाउन र नेपाली कला संस्कृतिलाई विश्वभर चिनाउनुपर्छ भनेर हामी लागिरहेका छौं।’

यस पटकको रिमिक्स धमाका सांगीतिक कार्यक्रममा इन्टरनेशनल सोसियल अवार्डको कार्यक्रम पनि रहेको संयोजक श्रेष्ठले बताए।

# गीतकार गिरी ‘नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कार’बाट सम्मानित



नातिकाजी स्मृति समाजले ‘नातिकाजी राष्ट्रिय सम्मान तथा पुरस्कार २०७८’ घोषणा गरेको छ। समाजका अध्यक्ष शम्भुजीत बास्कोटाको अध्यक्षतामा सम्पन्न बैठकले सम्मान तथा पुरस्कारको निर्णय गरेको हो।

बैठकको निर्णय अनुसार पर्यटन व्यवसायीसमेत रहेका गीतकार देवेन गिरी ‘नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कार’बाट सम्मानित हुने भएका छन्।

संगीत महर्षीका रुपमा परिचित शिखर पुरुष नातीकाजीको जन्म स्मृति दिवसको अवसर पारेर गीतकारसमेत रहेका गिरीलाई सम्मान गर्न लागिएको हो।

गीतसंगीतमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई यो सम्मान दिने भएको हो। गिरीको द पेन एण्ड देवेन एल्वम सहित ३० भन्दा बढी गीत सार्वजनिक भैसकेका छन्। राजधानीको ठमेलमा होटल म्याजेस्टिक र भोजघर रेष्टुरेन्ट सन्चालक रहेका गिरीको कुश्माको द क्लिफ रिसोर्टमा समेत लगानी रहेको छ।




# एक करोड पुरस्कार राशीको **'मेरो भ्वाइस र मेरो डान्स युनिभर्स'** घोषणा

नेपालकै सबैभन्दा ठूलो धनराशीको रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स र मेरो डान्स यूनिभर्स'को घोषणा गरिएको छ। इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउन्डेशन अफ अमेरिकाको आयोजनामा हुन लागेको उक्त रियालिटी शोको विजेताले एक करोड राशीको पुरस्कार पाउने छन्।

यसअघि 'मेरो डान्स कप र मेरो भ्वाइस कप युएसए'को आयोजना गरिसकेको इन्ट्रा फाउन्डेशनले अब विश्वभर छरिएर रहेका नेपाली भाषीलाई समेटेर दुई रियालिटी शोको आयोजना गर्न लागेको हो। १६ वर्ष माथिका नेपाली भाषीले यो प्रतियोगीतामा भाग लिन पाउने आयोजकले जनाएको छ। प्रतियोगीतामा भाग लिन चाहने नेपाली भाषीले इन्ट्रा फाउन्डेशनको एप डाउललोड गरेर आवेदन दिन सक्नेछन्।

दुवै रियालिटी शोका विजेताले १/१ करोड पुरस्कार समेत पाउनेछन्। नेपालमा आजसम्म यति ठूलो धनराशीको कुनै पनि रियालिटी शो आयोजना भएको छैन। यस्तै, दुवै रियालिटी शोको फस्ट रनरअपले ३०/३० लाख र सेकेन्ड रनरअपले २०/२० लाख पुरस्कार राशी प्राप्त गर्नेछन्।

घोषणा समारोहमा दुवै रियालिटी शोका निर्णायक मण्डलहरूको समेत परिचय गराइएको थियो। 'मेरो भ्वाइस यूनिभर्स'को निर्णायक मण्डलमा सुरेश अधिकारी, शिव परियार, अन्जु पन्त, सुजाता वर्मा र पुष्पन प्रधान छन्। यस्तै, 'मेरो डान्स युनिभर्स'को निर्णायक मण्डलमा मिथिला शर्मा, दिलिप रायमाझी, शंकर बीसी, केकी अधिकारी, प्रियंका कार्की र नरमन राई छन्। यी दुवै शोको निर्देशन एलिन श्रेष्ठले गर्नेछन्।

# **'भ्वाइस अफ नेपाल'**को विजेता बने करण राई



'द भ्वाइस अफ नेपाल'को चौंथो सिजनको विजेता करण राई बनेका छन्। ग्राण्ड फिनालेमा अन्य तिन प्रतिष्पर्धीलाई पछि पार्दै करण विजेता बनेका हुन।

विजेता करणले नगद २५ लाख रुपैयाँसहित पल्सर एन १६० मोटरसाइकल, साढे दुई तोला सुन, ग्यालेक्सी जेड फोल्ड फोर पुरस्कार प्राप्त गरेका छन्। करणले टीम राजु लामाकोबाट प्रतिस्पर्धा गरेका थिए।

टीम राजेशपायल राई समूहबाट सविना योङहाङ लिम्बु फस्ट रनरअप घोषित भइन् भने टीम प्रमोद खरेलबाट योगेश मगर सेकेण्ड रनरअप घोषित भए। यस्तै, टीम प्रविशा अधिकारीबाट साहिल लिम्बु थर्ड रनरअप बने।


## चैनपुर नगरपालिकाको अनुरोध

- आफ्नो आम्दानीको वैद्यता सुनिश्चित गरौं।
- स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गरौं।
- वस्तु वा सेवा खरिद गर्दा बिल लिने-दिने बानी गरौं।
- कर तिरी नगर विकास कार्यमा सहभागी बनौं।
- समयमै कर तिरी जरिवानाबाट बचौं।
- करको चर्चा घरघरमा गरौं।
- हामीले तिरेको कर हाम्रै लागि।

**चैनपुर नगरपालिका**
संखुवासभा



# मेहनत गरे संगीतमा राम्रो भविष्य छ

**लेखु सहयात्री, गीतकार**

**• हरिराम पौडेल**

प्रकृतिको सुरम्य आँगनमा असंख्य नरनारीहरू जन्मने गर्दछन्, त्यही भीडमा जन्मिएका एक होनहार, आशालाग्दो र उदीयमान नक्षत्रको परिवय हुन् गायक, संगीतकार तथा गीतकार लेखु सहयात्री। ओखलढुङ्गाको सिस्नेरी घ्याम्पाडाँडामा बुवा नन्दिकेशर तिम्सिना र आमा हर्कमाया तिम्सिनाको चौथो सन्तानका रूपमा जन्मिएका लेखु सहयात्रीको बैधानिक नाम भने लेखराज तिम्सिना हो।

मध्यमवर्गीय परिवारमा जन्मेका उनको बाल्यकाल सामान्यरूपमा बित्यो। दुईजना दाई र एकजना दिदीका कान्छा भाई हुन् उनी। श्री पञ्चकन्या प्राथमिक विद्यालय, सिस्नेरीमा कक्षा ५ सम्मको अध्ययन गरेका उनी ५ कक्षासम्म प्रथम भएका थिए। पढाईमा अब्बल उनी शिक्षक शिक्षिकाका प्यारा विद्यार्थी थिए। कक्षा ६ बाट उनले श्री कालिका माध्यमिक विद्यालय सिस्नेरी भञ्ज्याङमा पढाई सुरु गरे र १२ कक्षा सम्मको अध्ययन पुरा गरे। स्कुलमा हुने सांस्कृतिक कार्यक्रमहरूमा उनी सधैँ सहभागी हुने गर्दथे। सानैबाट गीत संगीतमा रुचि भएतापनि उनको परिवेशमा गीत संगीत सुन्ने, हेर्ने वातावरण थिएन किनकी उनको घरमा न रेडियो थियो टेलिभिजन त झन् धेरै परको कुरा।

बाल्यकालको स्मरण गर्दै उनी भन्छन् -'लगभग कक्षा ७/८ तिर पढ्दाताका बुवाले घरमा भएको बुढो भैंसी पारी गाउँको एकजना मान्छेलाई बेच्नुभएको थियो, उसले पुरा पैसा दिन नसक्ने बरु घरमा भएको रेडियो लानुस् भनेपछि बुवाले रेडियो ल्याउनुभयो, त्यसपछि मेरा दिनहरू रमाइला हुनथाले किनकि अब घरमा रेडियो थियो, एन्टेनामा तार बेरेर जसरी तसरी रेडियो कान्तिपुर सुन्न थाले। रेडियोमा बज्ने विभिन्न गीतहरूले मलाई मोहित बनाउन थाल्यो, यस्तो लाग्न थाल्यो म पनि यसरी नै गीत गाउन पाए, लेख्न पाए कस्तो हुन्थ्यो होला ७

लगभग कक्षा ९ तिरबाट मैले गीत लेख्न सुरु गरे। रेडियोमा बज्ने गीतहरूको ट्युनमा आफ्नो शब्द राखेर लेख्न थाले, दिनको एउटा गीत जसरी पनि लेख्नै पर्छ भन्ने थियो मलाई। प्रवेशिका परीक्षा दिएर घरमा बसेको समयमा मैले धेरै नै गीत लेखें। प्रायः दिउँसो बनपाखा, खेतबारी र चौरमा गाई बाख्रा चराउन जान्थें त्यो समयमा गीत लेख्न गाउन अत्यन्तै रमाईलो लाग्थ्यो। प्रवेशिका परीक्षा दिएपछिको एक वर्ष मेरो यसै गाउँमै बित्यो। हजुरआमा प्यारालाइसिस भएर ओछ्यान पर्नुभयो। घरमा बुवा आमा मात्र हुनु भएकोले मैले कतै निस्कन पाइन किनकि घर व्यवहार सबै थियो, गाई बस्तु थिए, खेतबारीमा अन्न बाली नलगाई खान पाउने अवस्था थिएन। घर व्यवहार बुवा आमाले मात्र धान्न सक्ने परिस्थिति पनि थिएन। त्यसैले एक वर्ष हजुरआमाकै सेवा गरेर र बुवा आमालाई सघाएर बित्यो।

त्यसपछि गाउँकै विद्यालयमा दश जोड दुई पढ्ने व्यवस्था सुरु भयो जसको फाइदा मैले पनि उठाउन पाए, दश जोड दुईमा भर्ना भएर अध्ययनलाई अगाडि बढाए। ती दिन सहज थिएनन्, विद्यालय निकै टाढा थियो, बिहान ४ बजे नै उठेर मिर्मिरे उज्यालोमै विहानी सत्रको कक्षा लिन लगभग एक घण्टाको ठाडो उकालो बाटो हिँड्दै विद्यालय पुग्नु पर्थ्यो। दश जोड दुईको अध्ययन सकाए पछि ओखलढुङ्गा जिल्लाको सदरमुकाममा स्नातक तह अध्ययनको सुरुवात गरें र त्यहाँ अध्ययन पूरा नहुँदै २०६९ सालमा आँखाभरि गायक बन्ने सपना बोकेर मेरो काठमाडौंको यात्रा सुरु भयो।

दाईहरू काठमाडौंमा बस्ने भएकाले मलाई बस्न समस्या त भएन तर मलाई संगीत सिक्नु थियो। संगीत सिक्न कहाँ जाने, कोसँग सिक्ने केही थाहा थिएन। म ललितपुरको कुपण्डोल बस्थेँ। नजिकै पुल्चोकमा रेडियो कान्तिपुर छ भन्ने थाहा थियो। रेडियो कान्तिपुर धेरै सुनेको र विभिन्न कार्यक्रममा फोन गरेको भएकोले प्राय सबै कार्यक्रम संचालकहरूले चिन्दथे। काठमाडौं आएको केही दिनमा म रेडियो कान्तिपुर गएँ, त्यहाँ भुपेन्द्र खड्का दाईसँग भेट भयो र मेरा सबै कुराहरू उहाँलाई सुनाएँ। त्यसपछि मलाई आदरणीय गुरु चण्डिप्रसाद काफ्लेकोमा संगीत सिक्नु भनेर उहाँले फोन पनि गर्दिनु भयो र मैले २०६९ माघ २७ गतेबाट श्री संगीत पाठशाला कालिकास्थानमा संगीत सिक्न सुरु गरें।

मैले संगीत सिक्न सुरु गर्दा त्यहाँ महिनाको एक हजार शुल्क थियो, त्यो शुल्क तिर्ने पैसा मलाई दाईहरूले दिनु हुन्थ्यो। त्यहाँ संगीत सिक्ने क्रममा मेरो मित्र कृष्ण काफ्लेसँग भेट भयो र उसँग मित्रता बढ्दै गयो। उसले केही गीतहरू रेकर्ड गरिसकेको रहेछ। उसैले मलाई स्टुडियोहरू तिर लान थाल्यो, त्यही क्रममा प्रिय संगीतकार दिपक शर्मासँग भेट भयो र चिनजान भयो। म ११ देखि १२ बजेको संगीत कक्षा सकेर दिपक शर्मा सरको अफिसमा गएर बस्न थाले। साथी कृष्ण काफ्ले, दिपक सर र म प्रायः सँगै हुन्थ्यौं। म पनि गीत लेख्छु भन्ने थाहा भएपछि दिपक सरले भन्नुभयो -'तपाईंको शब्दमा एउटा गीत रेकर्ड गरौं।'

वहाँको यो प्रस्तावले म पनि निकै उत्साहित भएँ र बुवालाई घरबाट पन्ध्र हजार पैसा पठाईदिनु

म एउटा गीत रेकर्ड गर्दै छु भने । मेरो रुचि र चाहनाको कदर गर्दै बुवाले जोरजाम गरेर रु. पन्ध्र हजार पठाईदिनु भयो त्यसपछि गीत रेकर्ड भयो, मेरो पहिलो रेकर्ड भएको गीतको शब्द थियो :

*पिएको छु यो साँझमा कमाल हुन सक्छ*
*नजिक नआउ लागेपछि बबाल हुन सक्छ ....*

गीतमा संगीत दिपक शर्मा सरको, स्वर साथी कृष्ण काफ्लेको र संगीत संयोजन उदयराज पौडेल दाईको थियो । त्यसपछि मेरा अरु शब्दहरू पनि रेकर्ड हुन थाले । दिपक शर्मा सरकै संगीतमा पहिलो पटक 'हवल्दार सुन्तली' चलचित्रमा 'चि मुसी चि' बोलको गीत लेख्ने अवसर प्राप्त भयो । उक्त गीत अहिले युट्युबमा एक करोड बढीले हेरिसक्नु भएको छ । संगीत सिक्दै थिएँ, मेरा शब्दहरू रेकर्ड हुदै थिए, लगभग ५ वर्ष शास्त्रीय संगीत सिकेपछि मैले आफ्नो स्वरमा पनि गीत रेकर्ड गर्न थाले । २०७४ सालमा पहिलो पटक मेरो स्वरमा रेकर्ड भएको गीत थियोः

*घटाउँ भन्छु मेरो माया झन्झन् बढ्दै जान्छ*
*थाहा छैन यो मायाले मलाई कता लान्छ ....*

उक्त गीतमा शब्द मेरै थियो भने संगीत साथी बिक्रम राईको थियो, त्यसैगरी संगीत संयोजन मेरा अनन्य मित्र पुरुषोत्तम सुवेदीको थियो । उक्त गीतको स्वरमा मेरै साथी देबिना भट्टराईले साथ दिएकी थिईन् । मैले अहिलेसम्म लगभग एक दर्जन चलचित्रमा गीत लेखेको छु । 'माया पिरिम' नामक नेपाली कथानक चलचित्रमा 'फोटो खिचेर...' बोलको गीतमा आफ्नो स्वर दिएको छु भने एउटा चलचित्रमा दुई ओटा गीतमा संगीत गरेको छु जुन चलचित्र र उक्त गीतहरू रिलिज हुने क्रममा छन् ।

चलचित्र, आधुनिक लगायतका विभिन्न विधामा शब्द, स्वर र संगीत गरी लगभग दुई सयवटा गीत रेकर्ड भै सकेका छन् । तीमध्ये धेरैजसो रिलिज भैसकेका छन् भने केही रिलिज हुने क्रममा छन् । लगभग ७/८ ओटा अवार्डको उत्कृष्ट पाँचको मनोनयनमा परेतापनि अहिलेसम्म अवार्ड भने प्राप्त भएको छैन । भर्खरै सम्पन्न भुटनिज् कम्युनिटीले आयोजना गरेको रियालिटी टिभी सो 'मेरो भ्वाइस् कप सेसन २' को कोच समेत रहेर काम गरेको छु ।'

पछिल्लो समय नेपाली चलचित्रहरूको गीत लेखन र गायनको क्षेत्रमा निक्कै व्यस्त बन्दै गएका लेखुका चलचित्र 'जात्रै जात्रा' को 'माया पिरीम', 'किस्मत २' को 'तिम्रो पिक्चर हिट', 'तिमी संग'को टाइटल गीत 'तिमी संग' तथा एल्बमका गीतहरूमा उनको शब्दमा रहेको गीत फसायौ नि मीठो बोलेर, दिलमै लाग्यो नजर, उनको आफ्नै संगीतमा बनेको गीत लौरी टेकौला, भर्खरै रिलिज भएको लिला गजमेरको स्वर रहेको 'पियार' बोलको गीत लगायतका गीतहरू चर्चित छन् ।

मिलनसार, शालिन र मृदुभाषी संगीतकर्मी लेखु सहयात्री मेहनत गरे संगीतमा राम्रो भविष्य भएको बताउँछन् । उनी भन्छन् -'संगीतको यात्रामा संघर्षबाट आत्तिएर पछाडी हट्नु हुदैन, निरन्तरको लगनशिलता र मेहनतले यो क्षेत्रमा स्थापित हुन सकिन्छ, म त्यहि बाटोमा हिंडिरहेको छु, आशा छ एक दिन सफलताको सगरमाथा आरोहण गर्नेछु ।'

पछिल्लो समय गीत, संगीतको क्षेत्रमा नै व्यस्त रहेका मेहनती र लगनशिल गायक, संगीतकार तथा गीतकार लेखु सहयात्रीको सांगितिक भविष्य उज्जवल रहेको छ ।

जे
देखियो

# कम्पनी रजिष्ट्रार्ड कार्यालयमा मेरा ३ दिन

म आफु संलग्न कम्पनीको नविकरण निस्सा अत्यन्तै आवश्यक भएकाले कम्पनी रजिष्ट्रार्ड कार्यालयमा १०:३० बजे नै पुगे । कम्पनीको अडिट तथा अन्य कार्य हेर्नका लागि छुट्टै व्यक्ति नियुक्त गरिएको भएता पनि उनले तत्काल प्रमाणपत्र निकाल्न नसक्ने भएपछि म आफै उक्त कार्यालय गएको थिए । सूचना विभागले पौष मसान्तभित्र कम्पनी नविकरणको प्रमाणपत्र पेश गर्न भनेपछि अन्तिम समयमा म आफै कम्पनी रजिष्ट्रार्ड कार्यालयमा गएको थिए ।

मिडियामा काम गरेकोले म केही बुझ्ने र आफ्नो काम पनि सक्ने मनसायमा थिए । म सिधै कम्पनी अध्याबधिक तथा फेरिफाई गर्ने कामको प्रकृयाको बारेमा सोधपुछ गर्दै फाइल हेर्ने डेक्समा पुगे । सम्बन्धित कर्मचारी सेवाग्राहीले घेरिएको अबस्थामा थिए । मानिसहरू आ–आफ्नो फाइल बोकेर यताउता कुदिरहेका थिए । मेरो जस्तै काम लिएर आउनेहरू थपिदै गए । अधिकांशलाई एक महिनापछि आउनु, पछि अर्को मितिमा आउनु भनेर फर्काइरहेको म हेरिरहेको थिए ।

म त पछि आउने अवस्थामा थिइन, किनकी मलाई प्रमाणपत्र अत्यावश्यक थियो । अनि म लागे कोही चिनेको कर्मचारीको खोजीमा । आफ्नो परिचय दिदै एक जना कर्मचारीलाई मेरो अत्यावश्कताको बारेमा जानकारी गराएँ । उनले आफ्नो टेवलबाट फाइल अर्को टेवलमा सारे । त्यतिबेलासम्म दिउँसोको १ बजिसकेको थियो ।

अर्को टेबलमा पुग्दा कर्मचारी खाजा खान हिडिसकेछन् । सेवाग्राहीको भीड देख्दा देख्दै कर्मचारी मज्जाले घाम ताप्दै खाजा खान लागे । म निरन्तर त्यही फाइलको पर्खाइमा बसे । फेरि एकछिनमा मेरो फाइल हेरेर एउटा कागज पुगेन अपलोड गर्नु भनेर पठाइयो । मैले तत्काल अफिसबाट भने अनुसारको डकुमेण्ट तयार गरेर अपलोड गरेँ । अनि सम्पूर्ण कार्य सकियो । अन्तिममा साइन गर्ने टेवलमा पुग्दा कर्मचारी घर हिडिसकेछन् । भोलि ११ बजे आउनु भनेर अरु कर्मचारी पनि भटाभट घर लाग्न थाले । म त हेरेको हेरयै भएँ । अन्य सेवाग्राही काम नसकिएकाले रिसले चुर भइरहेका थिए । म पनि लुरुक्क फर्किए, भोलि त ११ बजे नै काम हुन्छ नि भनेर ।



फणिन्द्र दाहाल

भोलिपल्ट म ११ बजे नै कार्यालय पुगेर सिधै साइन गर्ने कर्मचारीको टेवलमा गए । त्यहाँ पुग्दा अरु ३ वटा कागजात पुगेको छैन, त्यो बनाएर अपलोड गर्नु अनि १४ सय फाइन लाग्छ तिर्नु, त्यसपछि मात्र तपाईको काम हुन्छ भन्ने ओठे जवाफ पाइयो । म एक पटक त रन्थनिएँ । मजस्तो जानकार र बुझेको मान्छे जाँदा त हालत त्यस्तो भयो भने अरुको के होला भन्ने लाग्यो । एक मनले सोचे एक जना दलाल लगाएर केही पैसा खुवाएर काम गरौं । तर, होइन आफै लाग्छु भनेर उसले भनेका डकुमेण्ट तयार बनाएर अपलोड गरे । यो सबै गर्दा १ बजिसकेको थियो । फेरि खाजा खाने बेला भएछ ।

जसरी पनि काम सकेर फर्कन्छु भनेर म लागिरहेँ । शुक्रवारको दिन थियो । २ बजेपछि कर्मचारी आए । म केही आक्रोशित पनि भएँ । सबै डकुमेण्ट पुऱ्याएर फाइन तिर्न जादा बैंक बन्द भैसकेको थियो । अन्तत मेरो काम उक्त दिन पनि सम्पन्न भएन । हिजो डकुमेण्ट हेर्ने कर्मचारीले किन सबै डकुमेण्ट ल्याउनु भनेनन, समयमै फाइन तिर्नु भनेनन, किन मलाई भोलिपल्ट थप दुःख दिएको ? यस्ता प्रश्नको जवाफ उनीहरुले दिएनन् । केवल दुःख मात्र दिइरहे । धन्न शनिवार पनि कम्पनी रजिर्ष्टाडको कार्यालय खुल्ला गर्ने निर्णय सरकारले गरेको रहेछ र शनिवार उक्त कार्य सम्पन्न गरेर अफिस फर्किए ।

कम्पनी रजिष्ट्रार्डको रेकर्ड अनुसार उक्त कार्यालयमा २ लाख ९९ हजार ७ सय १० कम्पनी दर्ता भएका छन् जसमा २ लाख ९२ हजार २ सय २९ प्राइभेट कम्पनी र १८ सय ६१ पब्लिक कम्पनी रहेका छन् । उनीहरू सबैले यस्तै दुःख झेलिरहेका होलान् ।

यही भएर होला सरकारी झण्झटले गर्दा स्वदेशमा काम गर्न चाहनेहरू विदेश पलायन भइरहेका छन् । धेरैले नेपालमा व्यवसाय नगर विदेश जाऔं भन्छन् । सरकारको यस्तो प्रणालीले नेपालमा कसरी काम गर्न सकिएला ? एउटा सानो व्यवसाय गर्नेले समेत अनगिन्ती सरकारी अड्डामा संघर्ष गर्नुपर्छ । कर कार्यालय, वडा कार्यालय, सुचना बिभाग, कम्पनी रजिस्ट्रारको कार्यालय आखिर यी सबै नेपाल सरकारकै अंग हुन्, अनि सेवाग्राही किन प्रत्येक टेवलमा पुग्नु पर्ने ? प्रश्न मेरो मनमा खेलिरहेको छ ।

# लागूऔषधरहित परिवार :
# स्वस्थ जीवनको आधार

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानुनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ र सुखी परिवारको लागि लागू औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## नेपाल सरकार
# विज्ञापन बोर्ड


Crystal Diagnostic
Screening for Clarity
CERTIFIED ISO 9001:2015 COMPANY
Trusted Solutions, Not Just Results
Protect Your Health, Diagnose Earlier.
'A' grade pathology laboratory certified by NPHL, Government of Nepal
OUR SERVICES
• Antigen Testing
• Biochemistry
• Cytology
• Flucytrometry
• Haematology
• Histopathology
• Immunochemistry
• Immunofluorescence
• Immunology
• Microbiology
• Molecular RT-PCR Test
• Molecular Diagnostics
• Various Allergy Testing
• Virology
Contact: 01-4561020/21/30
Mobile: 9802302157, 9802301020
Address: Sinamangal, Kathmandu
Visit Website: www.crystaldiagnosticlab.com

imeगरौं

# विदेशबाट पठाएको रकम सिधै IME Pay मा प्राप्त गर्नुहोस्




IME Pay मा बिदेशबाट पठाएको
पैसा प्राप्त गर्दा पाउनुहोस रू. ५०।- बोनस ।

IME®
International Money Express
*Fast, Reliable And Secure Remittance*

IME pay

GET IT ON Google Play

Download on the App Store

SCAN & DOWNLOAD



Taste of
korea
Now in
nepal
SAN SOJU
소주
Serve Chilled
ALC - 17.12% v/v
300 ML
SAN SOJU
SAN SOJU
Spirit that Sparkles




a product of

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

www.himalayanbank.com/himalremit

टोल फ्रि १६ ६०० १११ ०००

रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ

फोनः ००९७७-१-४२५०३५४

QR SCAN FOR MORE DETAILS.

Follow us on:

himalremit

@himalremit

@himalremit